# पूर्णिमा

इतिहास–प्रधान त्रैमासिक पत्रिका

४८

पूर्णाङ्क

संशोधन–मण्डल

का. मे. प्र. द. नं. १५५/२४७

तदिह न गुणदोषौ योजनीयावलीको
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

–बापूदेव शास्त्री

[बेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा


१२
वर्ष

४
अङ्क


(इतिहास–प्रधान त्रैमासिक पत्रिका)


सम्पादक–

महेशराज पन्त

दिनेशराज पन्त



प्रकाशक–

देवीप्रसाद भण्डारी

(संशोधन–मण्डलद्वारा)

सहयोगी–

रामजी तेवारी

यस अङ्कको रु. १०।–

# विषयसूची


| | | | पृष्ठ |
|---|---|---|---|
| १. | ऐ. शि. बाबुराम आचार्यले रचना गर्नु भएको नेपालको संक्षिप्त इतिहास | – देवीप्रसाद भण्डारी | १—८ |
| २. | हरिवंश शर्माको नीतिभुजङ्गप्रयात | – महेशराज पन्त | ८—१८ |
| ३. | योगनरेन्द्र मल्लको राज्याभिषेकको लागि टिपिएको कर्मकाण्डसम्बन्धी टिपोट | – महेशराज पन्त | १९—२३ |
| ४. | भक्तपुर पुजारी मठका विश्वेश्वर महादेवसम्बन्धी ताम्रपत्र | – महेशराज पन्त | २३—२६ |
| ५. | श्री ५ पृथ्वीनारायण शाहको उपदेशको व्याख्यात्मक संस्कृतपद्यानुवाद | – नयराज पन्त | २७—४१ |
| ६. | दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको विषयमा नयाँ प्रकाश (आत्मसंशोधन) | – दिनेशराज पन्त | ४२—४५ |
| ७. | वि. सं. १९१२ को नेपालभोटयुद्धसम्बन्धी पत्र | – रामजी तेवारी | ४५—४६ |

( क्रमागत )

# ऐ. शि. बाबुराम आचार्यले रचना गर्नुभएको
# नेपालको संक्षिप्त इतिहास

सम्पादक – देवीप्रसाद भण्डारी

## सातौँ परिच्छेद
## पछिल्लो लिच्छविराज्य
[ई. सं. ६४२–८८० अं.][१]

१। अंशुवर्माका छोरा उदयदेव ल्हासामा नै परलोक भए। यिनका छोरा नरेन्द्रदेव उहीँ बढेर भरिला जवानीमा पुगेका थिए। स्रङ्-चङ्-ग-म्पो यिनका नातादार भए पनि जिष्णुगुप्त र विष्णुगुप्तलाई हटाउन नसकी मौका पर्खिरहेका थिए। अंशुवर्मा परलोक हुनुभन्दा एक दुइ वर्षपहिले चीनको बडो राज्य ताङवंशका शासनमा आएको थियो। यस वंशका दोस्रा बादशाह ताइचुङको परिचय युआन च्वाङबाट हर्षवर्धनले पाएका हुनाले यिनले पामीरपट्टिको पुरानो घुमाउरो बाटो गरी राजदूतको एक टोली चीन पठाएका थिए। यसका बदलामा ताइचुङले भोट र नेपालको बाटो गरी हर्षवर्धनका दरबारमा राजदूतको एक टोली पठाउने निश्चय गरे। यस मौकामा चीन र भोटको आड लिई राजदूतको टोली नेपालतिर नलाग्दै नरेन्द्रदेव अघि लागेर आए। नेपालका रैतीले यिनको पक्ष लिँदा भयङ्कर लडाइँमा हार खाई भीमार्जुनदेव र विष्णुगुप्तले राजसिंहासन र शासनको बागडोर छोडिदिनुपर्‍यो। नरेन्द्रदेवले कैलासकूटभवनमा राजसिंहासन सारी अभिषेक गराएर शासनको बागडोर मजबूतसँग आफ्ना हातमा लिए [ई. सं. ६४२ अं.][२]।

२। ई. सं. ६४३[३] मा लि-ई पियाओका साथमा चिनिया राजदूतको एक टोली आएर नरेन्द्रदेवसँग भेट गरी हर्षवर्धनका दरबारमा पुग्यो। दुइ वर्ष उहाँ रही फर्कँदा हर्षवर्धनले पनि आफ्ना राजदूतको एक टोली साथैमा चीनमा पठाए। ई. सं. ६४७[४]मा चीनबाट वाङ्* यु–आन्–चेका साथ अर्को राजदूतको टोली हर्षवर्धनका दरबारतिर लाग्यो। यी वाङ् महाशय अघिल्ला पटक पनि आएका थिए। नरेन्द्रदेवसँग भेटघाट गरी तराईतिर लाग्दा यिनका साथमा

*वाङ् = सेनापति।

१. अन्दाजि वि. सं. ६९९–९३७। २. अन्दाजि वि. सं. ६९९। ३. वि. सं. ७००। ४. वि. सं. ७०४।

तीस जना घोडचढी थिए । यसै सालमा हर्षवर्धनको मरण हुँदा र अनिकालसमेत पर्दा यिनको बडो राज्य छिन्नभिन्न हुन लागेको थियो । तिरहुतमा हाकिम भएर रहेका अर्जुनले यु–आन्–चेको सामान लुटेर साथीहरूमा कसैलाई मारी कसैलाई पक्री कैद गर्दा यु–आन्–चे रातारात गरी भागी नेपालमा आएर दम लिए ।

३। यु–आन्-चेले अर्जुनसँग बदला लिनाका निमित्त नरेन्द्रदेवसँग र स्रङ्-चङ्-गम्-पोसँग सहायता मागे । भोटबाट पैदल सेना र नेपालबाट घोडचढी सेनाको मदत लिएर तिरहुतमा गई अर्जुनको कोटमा आक्रमण गरे । लडाइँमा शत्रुका हजारौँ सैनिक मारिए । हजारौँ वाग्मतीमा हेलिएर मरे । अर्जुन भागेर गई ताजा सैनिक लिएर फर्की लडे। यस लडाइँमा पनि तिनको हार भई पक्रिएर कैदीका अवस्थामा चीनमा पुगे । यस घटनाका थोरै वर्षपछि ई. सं. ६५०[५]मा स्रङ्–चङ्–गम्–पो परलोक भए । अर्का वर्ष नेपाली राजदूत चीन गए [ई. सं. ६५१][६] । यहाँपछि भोट र चीनमा विरोध चल्दा नेपाल र चीनको राजनैतिक सम्बन्ध ६½ सय वर्षसम्म टुटेर रह्यो ।

४। दोस्रा पटक नेपालबाट फर्केपछि यु–आन्–चे साधु भएर भारतवर्षका बौद्ध तीर्थहरूमा घुम्नालाई ई. सं. ६५७[७]मा तेस्रा पटक नेपालमा आए । यताबाट भारतवर्षका अनेक तीर्थ घुमी पामीरपट्टिबाट पुरानो घुमाउरो बाटो गरी चीन फर्के । यिनले आफ्ना भ्रमण-वृत्तान्तमा उस समयका नेपालको बयान लेखेका थिए । त्यो वृत्तान्त पाइँदैन तापनि त्यसबाट अन्यत्र उतारिएका अंशहरू पाइन्छन् । यिनैमध्ये ताङवृत्तान्तमा लेखिएका अंशको सारांश यहां दिइन्छ—

नेपाल राज्य भोटको ठीक पश्चिमपट्टि पर्छ । त्यहाँका बासिन्दाहरूको आँखीभौँसम्म कपाल खौरने चलन छ । उनीहरू आफ्ना कान छेडेर बाँसको वा जनावरको सीङको ढुङ्ग्रो झुण्ड्याउँछन् । काँधसम्म कान पुग्नु सौन्दर्यको चिह्न हो । चमचा वा सिन्का नलगाईकन उनीहरू आफ्नो हातले नै खान्छन् । उनीहरूका भाँडा सबै तामाका हुन्छन् । डुली डुली र एकै ठाउँमा बसी व्यापार गर्ने व्यापारीहरू त्यहाँ अनेक छन् । खेतीवालचाहिँ ज्यादै थोरै छन् । तिनीहरूका टक एकातिर मानिसको, अर्कातिर घोडाको मूर्ति भएका तामाका हुन्छन् । ती आफ्ना गोरुको नाक छेड्दैनन् । उनीहरू जम्मै जीउ ढाक्ने गरी एउटै कपडा लाउँछन् । एक दिनमा अनेकौँ पटक नुहाउँछन् । तिनीहरूका घर काठले बनेका हुन्छन् । घरका भित्ता पनि कुँदिएका र रङ्गिएका हुन्छन् । नाच खेलमा उनीहरू खूब आसक्त छन् । मादल र कर्नाल (नेवारी पँटा) बजाउँदा आनन्द मान्छन् । तिनीहरू फलित ज्योतिष र भौतिक दर्शन (देहात्मवाद)का अनुसन्धानमा राम्ररी दिल दिन्छन् । पात्रो (तिथिपत्र) बनाउने विद्यामा उत्तिकै प्रवीण छन् । उनीहरू दिव्य पाँच आत्माको पूजा गर्दछन् औ तिनका ढुङ्गाका मूर्ति कुँद्छन् । ती मूर्तिलाई उनीहरू हरेक दिन पवित्र जलले स्नान गराउँछन्, भेँडाको पाठो बलि गरी पोलेर चढाउँछन् ।

तिनीहरूका राजा नरेन्द्रदेव आफ्नो शरीरलाई सक्कली मोती, मणि, मुगा, सीपी र तृणमणि (पन्ना) ले सिँगार्दछन् । उनी कानमा सुनको मुन्द्री र यूको चौगेडी लाउँछन्, बुद्धको मूर्तिले सजेको र झल्लर भएको पेटी बाँध्छन्, सिंहासनमा बस्तछन् । उनको सभागृहमा असल फूल र अत्तर छर्किन्छ । भारादार, अफिसर र अरू सारा सभासद्हरू जमीनमा दायाँ बायाँ बस्तछन् । अगलबगलमा सयकडौँ हतियारबन्द सिपाहीहरू लाम लागेर रहन्छन् ।

---

५. वि. सं. ७०७। ६. वि. सं. ७०८। ७. वि. सं. ७१४।

महलको बीचमा तामाको पाताले छाएको साततले बुर्जा छ । यसका बार्दली, आँखीझ्याल, लट्ठा, दलिन र भित्रपट्टिका हरेक चीजमा रात्रा श्रौ बहुमूल्य पत्थर जडेको छ । बुर्जाका चार कुनामा तामाको पानी जाने नली जडान गरेको रहेछ । तलतिर सुनको नागको मुखबाट पानी निस्कन्छ । बुर्जाको टुप्पाबाट खन्याएको पानीको धारो तलबाट सुनको मकरको मुखबाट फोहरा झैं निस्किरहेको छ ।

यो बयान गरिएको महल कैलासकूटभवन हुनामा सन्देह छैन ।

५। ई. सं. ६७४[८] तिर नरेन्द्रदेव परलोक हुँदा यिनका छोरा शिवदेव दोस्रा कैलासकूटभवनका सिंहासनमा बसे । नरेन्द्रदेवका समयमा भोटसँग बलियो मित्रसम्बन्ध कायम भएको हुनाले भोटमा आवतजावत गर्ने यात्रुहरूका सुबिस्ताका निमित्त सिमानाका दुर्गम स्थानमा नेपालका रैयतबाट भरिया उठाई राखिदिने प्रबन्ध गरिदिएका थिए । भोटपट्टिबाट पनि यो प्रबन्ध भएको हुँदो हो । स्रङ्–चङ्–गम्–पोका उत्तराधिकारीहरू बलवान् हुँदै जाँदा नेपाललाई आपना अधीनमा ल्याउने चेष्टा गर्न लागे । स्वाधीनताका रक्षाका निमित्त शिवदेव उठे । भोटबाट बडो सैन्य आयो र नेपालका राजधानीमा आक्रमण गर्दा शिवदेव हटेका हुनाले भोटियाहरूले कैलासकूटभवन तोडी ध्वस्त गरिदिए । पछिबाट जितबाजीले मात्तिएका भोटियाउपर नेपाली सैन्यले आक्रमण गरी लघार्दै ब्रह्मपुत्रसम्म लखेटे । यस लडाईंमा भोटका राजा चिनश–सलंग पनि मारिए [ई. सं. ७०५][९] । यस युद्धपछि शिवदेवले शान्तिपूर्वक राज्य चलाए ।

६। ई. सं. ७२०[१०] तिर शिवदेव दोस्रापछि यिनका छोरा जयदेव राजा भए । यीपछि यिनका छोरा विजयदेव ई. सं. ७४५[११] तिर राजसिंहासनमा बसे । शिवदेव दोस्राकै समयमा नेपाल र भोटको युद्ध हुनुभन्दा पहिले महाराष्ट्रका चालुक्य राजा विनयादित्य [ई. सं. ६८०–६९६ श्रं.][१२]ले मगधका गुप्तसाम्राज्यमा आक्रमण गरेर निर्बल गराइसकेका थिए । पछि कन्नौजका राजा यशोवर्मा [ई. सं. ७२३–७४३ श्रं.][१३] बलवान् भई मगधका गुप्तराज्यको समाप्ति गराई त्यहाँ अराजकता फैलाइदिए । पछि कश्मीरका राजा मुक्तापीड [ई. सं. ७३३–७५६ श्रं.][१४] बलवान् भई यशोवर्मालाई गद्दीबाट उतारिदिए । उता मुक्तापीडले भोटमा पनि युद्ध चलाएका थिए । भोट र चीनका बीचमा पनि खिँचातानी चलेको थियो । यस अवस्थामा बुद्धि र साहससमेत प्रशस्त भएका अंशुवर्मा जस्ता राजाको जरूरत नेपाललाई थियो । तर जयदेव र विजयदेव त्यस्ता योग्य नहुनाले यो पछिल्लो लिच्छविवंश सेलायो । यस कारणले विजयदेवपछिका ११५ वर्ष जतिको राजनैतिक इतिहास अन्धकारले ढाकिएको छ ।

७। नेपालमा अन्धसमय आरम्भ भएका अवस्थामा अराजकताले दुःखित भएका मगधका रैयतले रोजेर गोपाल भन्ने एक हमाललाई त्यहाँका राजा स्थापना गरे [ई. सं. ७६५–७६९ श्रं.][१५] । यिनका छोरा धर्मपाल एक प्रतापी राजा भए [ई. सं. ७६९–८०९ श्रं.][१६] । यिनले तिरहुत र बङ्गालमा पूरा दखल जमाई मजबूत राज्य खडा गरे । उत्तर भारतवर्षको मुटु कन्नौज राज्य थियो । यस समयसम्म त्यहाँ कश्मीरका राजाहरूको दबाउ छँदै थियो ।

---

८. वि. सं. ७३१ । ९. वि.सं. ७६२ । १०. वि. सं. ७७७ । ११. वि. सं. ८०२ । १२. अन्दाजि वि.सं. ७३७–७५३।
१३. अन्दाजि वि. सं. ७८०–८०० । १४. अन्दाजि वि. सं. ७९०–८१३ ।१५. अन्दाजि वि. सं. ८२२–८२६ ।
१६. अन्दाजि वि. सं. ८२६–८६६ ।

अब धर्मपाल बलवान् भएर मुक्तापीडका नाति जयापीडलाई हराई त्यहाँ आफ्नो अधिकार जमाएर चक्रायुधलाई राजा गराए [ई. सं. ७९५ अं.][१७]। यी बौद्ध धर्मका बडा पक्षपाती थिए। पुराना बौद्ध धर्मका अशोक र महायानका कनिष्क जस्ता भक्त थिए, उस्तै यिनले वज्रयानको सेवा गरे।

८। कन्नौजका मैदानमा धर्मपालसँग हारेपछि जयापीडले पहाडैपहाड बढी नेपालमा आफ्नो अधिकार जमाउने चेष्टा गरे। जयापीडका साथ कश्मीरी सैन्य पूर्वतर्फ बढदै आएको देखेर मुकाबिलाका निमित्त नेपालका राजा अरमुडिले* नेपाली सैन्य लिएर गए। मल्लराज्यमा भेरी नदीको साँध गरी दुवै थरी सैन्य देखादेख हुने गरेर अडिए। कश्मीरका सैन्यहरू नदी तर्दा बगाइदिनाका निमित्त नेपालीले माथिपट्टि बाँध ठोकाए। नदी गहिरो नदेखेर जयापीड र निजका सैनिक तर्न लागे। नेपालीले बाँध खोलिदिँदा कश्मीरका धेरै सैनिक बगे; जयापीड पक्रिए। यिनलाई कालीगण्डकीका बायाँ किनाराका गढीमा ल्याई अरमुडिले कैद गरे। तर जयापीडका मन्त्री देवशर्माले अरमुडिलाई लोभ देखाई ज्यानसमेत दिएर आफ्ना राजालाई भगाए। यहाँपछि जयापीडले नेपालका राजधानीसम्म आएर हाहा पारे, तर धेरै काल नेपाली टिक्न नदिई हटाइदिए [ई. सं. ८०० अं.][१८]। तैपनि यस समयदेखि लिच्छविहरूको बचेखुचेको शक्ति पनि खिएर गयो।

९। विजयदेवका समयमा भोटमा ठि–स्रोङ्–दे–चन् भन्ने बौद्ध धर्मका बडा प्रचारक राजा भए [ई. सं. ७४२-७८५ अं.][१९]। यिनले नालन्दाविश्वविद्यालयका एक बडा दार्शनिक आचार्य शान्तरक्षितलाई भोटमा बोलाएर २५ वर्षसम्म बौद्ध धर्मका प्रचारमा लगाए। शान्तरक्षितले ल्हासानेर साम्येनामक बडो विहार बनाएका थिए। यी भोटमा जानुभन्दा पहिले केही साल नेपालका राजधानीमा रहेर गुम्विहारको पुनरुद्धार गराई साम्ये भन्ने नाम तुल्याएका थिए। ई. सं. ७८०[२०]तिर भोटमा नै यी परलोक भए। ठि–स्रोङ्–दे–चन्‌का नाति राजा रल्–प–चन् ता बौद्ध धर्मका अन्धभक्त नै भए [ई. सं. ८१७–८४१ अं.][२१]। यिनले आफ्ना छोरालाई भिक्षु बनाई राज्यका ठूला ठूला कामहरू अयोग्य भिक्षुहरूलाई सौँपदा प्रबन्धमा गडबड मच्चियो। यो मौका पाएर राजाका दाज्यू लङ्दर्मले एक भिक्षुसँग रानीको अनुचित सम्बन्ध चलेको छ भन्ने हल्ला चलाई ती भिक्षुलाई मारिदिँदा रानीले आत्महत्या गरिन्। लङ्दर्मले बौद्धविरोधी पुराना मन्त्रीहरूको सहायता लिई भाइलाई मारी आफू राजा भए [ई.सं. ८४१–८४२ अं][२२]। भोटबाट बौद्ध धर्मको जरोसमेत उखेल्ने आँट गरेर भिक्षुहरूको दुर्दशा पारी चैत्य र बहालहरू नष्टभ्रष्ट गराए। डेढ वर्षका अत्याचारबाट दिक्क भएर एक भिक्षुले भेष बदली यिनलाई झुक्याएर मारिदिए। यीपछि यिनका छोरा ल्हासाका राजा भए। तर घरेलु लडाइँ चल्दा स्रङ्-चङ्–गम्–पोले बनाएको ठूलो राज्य फुटेर टुक्रा-टुक्रा भई अनेक स्वतन्त्र रियासत बने। यसरी यो पहिला राज्य नासिँदा भोट राष्ट्रको मुख्य अङ्ग भाँचिए तापनि भौगोलिक, नस्लगत, धार्मिक र भाषाका एकताले राष्ट्रलाई बचाइराखेका थिए।

* कल्हणका राजतरङ्गिणीमा यो अशुद्ध नाम लेखिएको छ, शुद्ध नाम वर्मदेव होला।

१७. अन्दाजि वि. सं. ८५२। १८. अन्दाजि वि. सं. ८५७। १९. अन्दाजि वि. सं. ७९९–८४२।
२०. वि. सं. ८३७। २१. अन्दाजि वि. सं. ८७४–८९८। २२. अन्दाजि वि. सं. ८९८–८९९।

१०। भोटका राज्यदेखि पछिल्ला लिच्छवि राजाहरूले सधैं सतर्क भइरहनुपर्दथ्यो । संयोगवश यो राज्य नासिए-पछि पछिल्ला लिच्छविवंशको पनि समाप्ति भयो [ई. सं. ८८०][२३] । जयापीडका आक्रमणमा दैलेखको पुरानो मल्लराज्य र कुमाउँको कत्यूरीराज्यसमेत मिचिएका थिए । यी फर्केपछि नेपालको लिच्छविराज्य बलहीन भएको हुनाले दैलेखको मल्लराज्य स्वतन्त्र भयो । तर यो मल्लवंश र कत्यूरीवंशसमेत जीर्ण भएका हुनाले चाँडै नै नष्ट भई यिनको स्थान नयाँ बसाइँ आएका रजपूतहरूले लिए ।

❀

## आठौँ परिच्छेद

# अघिल्ला मध्ययुगको नेपाल

## [ई. सं. ५२५–८८० ग्रं०][१]

१। बौद्ध धर्मका महायान सम्प्रदायबाट विकास भएर निस्केको वज्रयान सम्प्रदाय पाँचौँ शताब्दीदेखि नयाँ रूप लिएर प्रकट भएको थियो । महायानीहरू बुद्धलाई संसारका उद्धारक मान्दथे, तर वज्रयानीहरूले अलौकिक सिद्धि पाएका एक आदर्श पुरुष माने । यस सम्प्रदायका अगुवा अनेक सिद्ध नवौँ शताब्दीसम्म हुँदै गए । मन्त्र र योगबलद्वारा अलौकिक चमत्कार देखाउनु यिनीहरूको सिद्ध्याइँ थियो । यिनीहरूमा कैयौँ सिद्ध दार्शनिक पनि थिए । यस कारणले यो सम्प्रदाय अनेक शताब्दीसम्म कायम रह्यो । यो सम्प्रदाय खडा हुन लागेकै समयमा सनातन धर्मका शैव सम्प्रदायबाट विकास भएर अर्को सम्प्रदाय निस्क्यो । तन्त्रग्रन्थहरूमा यसको विधान लेखिएको हुनाले यसलाई तान्त्रिक सम्प्रदाय भन्ने चलन भएको छ । वज्रयानको विधान लेखिएका ग्रन्थहरू पनि तन्त्र कहिएका हुनाले यो पनि तान्त्रिक सम्प्रदाय कहियो । यी दुइ थरी सम्प्रदायलाई छुट्ट्याउनाका निमित्त वाम–मार्ग र दक्षिण–मार्ग भन्ने चलन भएको छ । किनभने वज्रयानीहरू कुनै पूजामा बायाँ हातको र जपमा वामावर्तको व्यवहार गर्दथे ।

२। मत्स्येन्द्रनाथले वज्रयानको प्रवेश नेपालमा गराएका थिए । यी आउनुभन्दा पहिलेदेखि नै शैव तान्त्रिक सम्प्रदाय नेपालमा घुसिसकेको थियो । यस कारणले दुवै सम्प्रदायको प्रचार साथसाथै भयो । शैव तान्त्रिकहरूका उद्योगबाट पशुपतिनाथ स्थापना भई नेपालका अधिष्ठाता देवता मानिए । अंशुवर्मा पशुपतिनाथका परम भक्त थिए, आफ्ना प्रशस्तिमा पशुपतिनाथका पाउले अनुग्रह गरिएका भन्ने अर्थको वाक्य व्यवहार गर्ने गरेका थिए । यही नियम

२३. वि.सं. ९३७ ।

१. अन्दाजि वि. सं. ५८२–९३७ ।

यिनका उत्तराधिकारी विजयदेवसम्मले लिएका थिए । यस कारणले मध्ययुगका आरम्भमा नै पशुपतिनाथको स्थापना भइसकेको देखिन्छ । अर्कातिर यसै समयमा काठमाडौँमा वज्रयानीहरूले अवलोकितेश्वरको मूर्ति स्थापना गरे । यस हिसाबसँग लिच्छवि, आभीर आदि सनातनीहरूले शैव तान्त्रिक सम्प्रदायको र बौद्ध भएका नेपारहरूले वज्रयानको आश्रय पुगनपुग दुइ सय वर्षसम्म [ई. सं. ५७०–७६५][2] लिएर रहे । अंशुवर्मा र यिनका उत्तराधिकारीहरू पनि यस वज्रयानको अनादर गर्दैनथे । अंशुवर्माले पशुपतिनाथ र गुम्‌विहारका निमित्त बराबर भेटीको दरबन्दी गरिदिएका थिए । नरेन्द्रदेवले दुइ सम्प्रदायको मेल गराउनका निमित्त वज्रेश्वरको स्थापना गरेका थिए । शिवदेव दोलाले पाशुपत आचार्यहरूका निमित्त र वज्रयानी भिक्षुहरूका निमित्तसमेत जग्गा दिएका थिए ।

३। विहारमा पालराज्य स्थापना भएपछि धर्मपालले वज्रयानको प्रचार बढाउनामा बडो जोर दिएका हुनाले यस सम्प्रदायको नयाँ बाढी नेपालमा पसेर लिच्छविहरूलाई समेत बौद्ध गराइदियो । यतिन्जेलसम्ममा नेपार-हरूमा तीन चौथाइ भाग आर्यरक्त मिलिसकेको हुनाले लिच्छवि र नेपारका रङ्गरूपमा ज्यादा अन्तर रहेको थिएन । धर्म पनि एकै हुँदा परस्परमा विवाहसम्बन्ध हुन बाधा नभई लिच्छवि र नेपार मिली एउटै जात र एउटै भाषा बन्यो [ई. सं. ७६५–८८०][3] । यस जातका रङ्गरूपमा सयकडा नब्बे भाग आर्यलक्षण पाइन्थ्यो । तर भाषा भने नेपारकै रहेको हुनाले पछि आउने बैसहरूले यस जातलाई निवार भन्ने नाम दिए । यो अनार्य शब्द यस जातका निमित्त वाजबी थिएन तापनि विजयी बैसहरूले व्यवहार गरिदिएका हुनाले यसको अपभ्रंशरूप नेवार शब्द अझसम्म व्यवहार हुँदैछ । यसरी वज्रयानले लिच्छविहरूलाई समेत ग्रास गरे पनि मगर मुर्मी आदि जातलाई असर गर्न सकेको थिएन ।

४। भोट–बर्माली जातिको भोटिया शाखा हिमालयपारका ब्रह्मपुत्रका ब्याँसीहरूमा नफैलिँदै त्यहाँ पनि आग्नेय-देशी जातिका मानिस रहन्थे । भोटियाहरूले यिनीहरूलाई सताएर हैरान पारेका थिए । स्रङ्–चङ्–गम्–पोका समय-मा हिमालयका घाटाहरू खुल्दा भोटमा रहेका आग्नेयदेशीहरू हिमालय पार भएर यतापट्टि आई हिमाल र पहाडखण्डमा बसेका पुराना आग्नेयदेशी जातहरूसँग मिसिए । यो सिलसिला कैयौँ शताब्दीसम्म चलिरह्यो । यो घटना अरू आग्नेयदेशी जातहरूले भुले तापनि याकथुम्बा जातका दन्त्यकथामा चलिरहेको छ । यस जातका दश थरमा पाँच थर काशीगोत्री र पाँच थर ल्हासागोत्री कहिन्छन् । यी दुवै थरी स्रङ्–चङ्–गम्–पोलाई सिर्जङ् भनेर देवता मानी पूजा गर्दछन् । याकथुम्बाहरू खका बदलामा प्रायः क बोल्ने हुनाले यिनीहरूको काशी वास्तवमा खासी हो । आसामका खासीहरू अचेल पनि आग्नेयदेशी भाषा बोल्दछन् । यस कारणले यो दन्त्यकथा भारतीय र भोटिया आग्नेयदेशी जातहरू मिलेर याकथुम्बा जात बनेको सूचना गर्दछ ।

५। हिमालयका घाटाहरू खुलेपछि भोटबाट आएका आग्नेयदेशी जातहरू मिसिएर नेपालको आबादी बढ्दै आयो । अर्कातिर यी घाटाहरूबाट चिनिया र भोटियाहरू उत्तर भारतवर्षमा आवत–जावत गर्दा व्यापारको सिल-सिला बढी नयाँ बस्ती बस्तै गए ।

२ वि. सं. ६२७–८२२ । ३. वि. सं. ८२२–९३७ ।

शिवदेव दोस्राका समयमा कैलासकूटभवन तोडिएपछि यिनले भद्राधिवासभवन भन्ने नयाँ राजभवन बनाएर सरे। यहाँदेखि वैशाली उजाड हुँदै गएर त्यहाँ ल्याएको कुलो भत्की खोलो बनी यो शहरलाई बगाउँदै रह्यो।

यो शहर उजाड भएपछि अरू बस्तीहरू आबाद हुन लागे। अचेल काठमाडौँ शहर रहेका ठाउँमा प्राचीन युगमा पञ्चकोली भन्ने गाउँ थियो। शायद भद्राधिवासभवन यहीँ बनेको थियो। यसै समयदेखि यस गाउँले शहरको रूप लिन लाग्यो। अंशुवर्माका समयमा अचेलका भक्तपुरमा साना साना दुइ गाउँ थिए। थोरैपछि यी दुइ गाउँ बढ्दै परस्पर मिलेर शहर बन्यो। फलाकका घाटाको आधार लिएर दोलखा, हटियाको आधार लिएर दिङ्ला, केरुङको आधार लिएर नुवाकोट र मुस्ताङको आधार लिएर रिडीका व्यापारी बस्तीहरू बसे। यसै समयमा गोरखा शहरको पनि जग बस्यो।

६। अंशुवर्माका समयभन्दा पहिले नेपालमा जो कच्चा माल (ऊन, कस्तूरी, मह, जरीबूटी आदि) तयार हुन्थे, ती सबै तिरहुत र मगधका शहरहरूमा बिक्री भई त्यहाँबाट नून, कपडा आदि वस्तु नेपालका राजधानीमा आउँथे। यस कारणले नेपालीहरूका हातमा ठूलो व्यापार केही नहुँदा धन पनि कम्ती नै थियो। भोटका घाटाहरू खुलेपछि भोट र दक्षिणपट्टिका मधेशको व्यापार नेपालकै द्वारा हुन लागेको हुनाले यहाँका लिच्छवि र नेपारहरूसमेत व्यापारी बन्दै जाँदा ललितपुर एक धनाढ्य शहर बन्यो। यस व्यापारलाई उन्नत गराउनाका निमित्त अंशुवर्माले नौ दश थरी र जिष्णुगुप्तले एक थरी पण भन्ने टक चलाए। यिनीहरूको समय व्यापारको आरम्भकाल हुनाले सुनचाँदीको कमी थियो। यस कारणले यी राजाहरूले आपना देशका खानिबाट निस्केका तामाका टक मात्र चलाउन सकेका थिए। चाँदीका पुराण भन्ने टकहरू भने व्यापारी कम्पनीहरू नै ढाल्दथे। चाँदीका मोलको बराबर यसको मोल हुन्थ्यो। व्यापारी कम्पनीको छाप लागेपछि दर र तौल जाँच्नुनपर्ने हुनाले यो पुराण पनि टक गनिन्थ्यो।

७। मध्ययुगका आरम्भमा बनेका कैलासकूटभवनको जो बयान चिनियाहरूले दिएका छन्, त्यसबाट वास्तुविद्यामा यस समयका नेपालीहरू बडा कुशल देखिन्छन्। पनौतीका र नाममूढाका बुद्धमूर्तिहरू, काठमाडौँ यङ्गालटोलको मायादेवीको मूर्ति, काठमाडौँ र ललितपुरका आसपासमा यत्रतत्र रहेका अवलोकितेश्वर र ताराका मूर्तिहरू पनि यसै युगमा बनेका स्पष्ट झल्कन्छन्। यिनका रचनामा विहारका पछिल्ला गुप्तकालका रचनासँग एकता पाइन्छ। यिनमा भाव प्रकट गर्ने चेष्टा शिल्पकारहरूले गरेका छन् तापनि पूरा सफल भएका छैनन्। देवपाटननेरका भगवान्-बहालका चैत्यको र खासा चैत्यको रचना पनि यसै युगमा भएको हो। यी बडा बडा चैत्यमा वास्तुविद्याको उही मध्यम अवस्थाको झलक पाइन्छ।

८। यस युगका नेपालीहरू संस्कृतभाषामा लेखिएका भारतीय ग्रन्थ, साहित्य र दर्शनहरू पढ्दथे। सरकारी आज्ञापत्र पनि संस्कृतभाषामा लेखिन्थे। तर लिच्छवि र आभीरहरू मागधी प्राकृतबाट विकास भएको एक तरहको अपभ्रंशभाषा बोल्दथे। पछिबाट लिच्छवि र नेपारहरू मिलेर एकै जात भएपछि यस अपभ्रंशभाषालाई छोडेर वर्तमान नेवारी भाषाको पुरानो रूप व्यवहार गर्न लागे। यसको मूल नेपारहरूको कर्णाकटु बोली थियो। यसमा लिच्छविहरूले व्यवहार गर्ने गरेका अपभ्रंशभाषाका शब्दहरूको उच्चारणशैली मिलेर यो नयाँ भाषा श्रुतिमधुर बन्यो।

मुर्मी, थामी आदि अरू आग्नेय जातका बोलीहरू पनि समयका भेदले रूप बदल्दै रहे । तैपनि भारतीय धर्म नलिएका हुनाले यिनका बोलीमा आर्यभाषाका शब्द घुस्न सकेनन् ।

खशान्तमा भने खशहरू इडावृति खशभाषा र पछि आएका आर्यहरू अवधी प्राकृतभाषा बोल्दथे । यस युगमा पनि कन्नौजको राज्य भारतीय सभ्यताको केन्द्र बनेको थियो । यस समयमा त्यहाँ शौरसेनी अपभ्रंशभाषा व्यवहार हुन्थ्यो । अनेक ग्राम्य गीत र कविताहरू पनि यस भाषामा पढिन्थे । यस कन्नौजप्रदेशसँग खशान्तको नित्य सम्बन्ध रहेको हुनाले शौरसेनी अपभ्रंशभाषा मिली खश अपभ्रंशभाषा बनेर कैयौं शताब्दीसम्म चलिरह्यो ।

९। यस युगमा पनि राजनैतिक व्यवस्था पुरानै कायम थियो । तर अनेक तरहका कर र बेठीका भारले रैतीहरू दबेका थिए । पूर्व र पश्चिम दुइ भागमा अदालतहरू बाँडिएका थिए । पञ्चखत (ठूला पाँच अपराध) सरकारी न्यायालयबाट हेरिन्थे । साना साना अपराध हेर्ने अधिकार गाउँहरूलाई दिएको हुन्थ्यो । कुनै कुनै गाउँले विशेष अधिकार पनि पाएका हुन्थे । अन्तिम फैसला राजाबाट हुन्थ्यो । सारा व्यवहारमा राजाको शक्ति असीम रहन्थ्यो । यहाँतक कि, सुनचाँदीका गहना पैह्रनाका निमित्त पनि गाउँहरूले विशेष काम देखाई राजा रिझाएर आज्ञा लिनुपर्दथ्यो ।

❀

# हरिवंश शर्माको नीतिभुजङ्गप्रयात

— महेशराज पन्त

इतिहासको लागि विशेष काम लाग्ने खालका, मल्लकालमा राखिएका पाटनका अभिलेखहरूको सम्पादन गर्ने क्रममा श्रीनिवास मल्लका मन्त्री भगीरथ भैयाले पाटन मङ्गलबजारमा विश्वेश्वरमन्दिर (भाइदेवल) बनाई वि. सं. १७३५ मा राखेको शिलापत्र, श्रीनिवास मल्लकी माहिली छोरी कीर्तिमङ्गला र जुवाइँ अमरसिंहले कुम्भेश्वरनजीकै वंशगोपालमन्दिर बनाई वि. सं. १७३७ मा राखेको शिलापत्र, श्रीनिवास मल्लले मङ्गलबजारमा भीमसेनमन्दिर बनाई वि. सं. १७३७ मा राखेको शिलापत्र वि. सं. २०१९ मा हामीले छपायौं ।[१] मल्लकालका अभिलेखहरूको सम्पादन गर्ने क्रममा कीर्तिमङ्गला र अमरसिंहले चोभार गणेशस्थानमा पाटी बनाई वि. सं. १७४५ मा राखेको शिलापत्र वि. सं. २०२३ मा श्रीडिल्लीरमण रेग्मीले छपाउनुभयो ।[२] ती चारवटै शिलापत्रमा संस्कृत पद्य जति हरिवंशले बनाएका हुन् भनी लेखिएकाले हरिवंश त्यस ताकाको पाटनदरबारसँग सम्बन्ध भएका कवि रहेछन् भन्ने कुरा मेरो मनमा खेल्यो ।

पाटनका हरिवंशले कवि मयूरको सूर्यशतकको टीका लेखेका थिए भन्ने कुरा थियोडोर औफ्रेक्टको संस्कृत ग्रन्थहरूको महत्तम सूचीपत्रद्वारा मैले वि. सं. २०३३ मा थाहा पाएको हुँ ।[३] यताबाट हरिवंशले खालि प्रशस्ति मात्र नलेखी ग्रन्थ लेख्ने काम पनि गरेका रहेछन् भन्ने कुरा मेरो मनमा खेल्यो र म उनका कृतितर्फ तानिँदै गएँ र उनका कृति खोज्न लागेँ । तर माथि चर्चा गरिएका, उनका पद्य परेका चारवटा अभिलेख छोडेर उनका कुनै कृति

---

१. वि. सं. २०१९ मा काठमाडौँबाट संशोधन–मण्डलद्वारा प्रकाशित रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको अभिलेख–संग्रहको ६ भागका १४–१९ पृ.

२. वि. सं. २०२३ मा पटनाबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (मध्यकालको नेपाल) को ४ भागका १९९–२०० पृ.

३. वि. सं. १९४७ मा लाइपजिगबाट फेरलाग एफ. ए. ब्रोकहाउसद्वारा प्रकाशित थियोडोर औफ्रेक्टको क्याट्अलगस् क्याट्अलगर्अम् यान् अल्फाबेट्इक्ल् रजिस्टर् अफ् स्यान्स्क्रिट् वर्क्स् यान्ड् अथर्अर्ज् (संस्कृत ग्रन्थ र तिनका रचयिताहरूको वर्णक्रमानुसारी महत्तम सूचीपत्र)को १ भागको ७६१ पृ.

पनि छापिएको मैले भेट्टाइनँ तापनि लेखोट अवस्थामा उनका केही कृति रहेछन् भन्ने थाहा पाउँदै गएँ ।

वि. सं. २०३४ मा श्रीऐश्वर्यधर शर्माले हरिवंशका नातिको वि. सं. १८०३ को शिलापत्र छपाउनुभएपछि हरिवंशको वंशको विषयमा केही कुरा प्रकाशमा आयो ।[४]

वि. सं. २०३४ मै श्रीकुमारधर शर्मा 'ज्ञानी'ले हरिवंशलाई आफ्ना पुर्खा भनी किटेर लेख्नुभएपछि हरिवंश शर्माका सन्तान अझै रहेछन् भन्ने कुरा मलाई थाहा भयो । पाटनमा बर्सेनि देखाइने कार्तिकनाचका नाटककार पनि उनै हरिवंश शर्मा हुन् भन्ने कुरा कुमारधरजीको सोही लेखबाट बुझियो ।[५]

श्रीज्ञानमणि नेपालले हरिवंश शर्माको विषयमा निकै खोजीनिती गरी लेख्नुभएको पाण्डित्यमय निबन्ध वि. सं. २०३६ मा प्रकाश भएपछि हरिवंश शर्माको विषयमा मैले निकै कुरा थाहा पाएँ । तर ज्ञानमणिजीको सो लेखमा हरिवंश शर्माले बनाएका पद्यहरूले पाटनका तात्कालिक अभिलेखमा ठाउँ पाएको कुराको चर्चा नहुनु आश्चर्यलाग्दो छ । त्यस लेखमा ज्ञानमणिजीले हरिवंश शर्माको सानो संस्कृत काव्य प्रश्नोत्तर नेपालीमा उल्थासमेत गरेर छपाइदिनुभएकोले हरिवंशको लेखको रसास्वादन गर्ने अवसर धेरैले पाए ।[६]

ज्ञानमणिजीले छपाउनुभएको, हरिवंश शर्माको प्रश्नोत्तर खण्डित भइरहेकोमा ऐश्वर्यधरजीको खोजीले सम्पूर्ण प्रश्नोत्तर भेट्टाइयो र ऐश्वर्यधरजीले सम्पूर्ण प्रश्नोत्तर नेपालीमा उल्थासमेत गरी वि. सं. २०३७ मा प्रकाश गर्नुभयो ।[७]

ज्ञानमणिजीले हरिवंश शर्माका पाँच पुस्तक (१. सूर्यशतकको टीका २. नाममाला वा अमरसिंहसफुलि ३. रुक्मिणीहरणनाटक ४. प्रश्नोत्तरावली ५. प्रश्नोत्तर)को चर्चा गर्नुभएको छ । हरिवंश शर्माका यी पाँच पुस्तकबाहेक अर्को पुस्तक पनि मैले देखेकोले सो सानो नीतिकाव्य प्रकाश गर्ने विचारले प्रस्तुत निबन्ध लेखिएको छ ।

---

४. वि. सं. २०३४ मा बीसबादेनबाट कोमिस्योन्सफेरलाग फ्रन्स स्टाइनरद्वारा प्रकाशित जरनल अफ द नेपाल रिसर्च सेन्टर् (नेपाल अन्वेषणकेन्द्रको पत्रिका)को १ भागमा छापिएको ऐश्वर्यधर शर्माको थ्री अनपबलिश्ड इन्स्क्रिप्शन्ज् कन्सर्न् इङ् द देवभाजूज् अफ् पाटन् (पाटनका देवभाजूसम्बन्धी तीनवटा अप्रकाशित अभिलेख) भन्ने निबन्ध, सो भागका १३३–१३५ पृ.

५. वि. सं. २०३४ मा पाटनबाट साहित्यया मू लुखाद्वारा प्रकाशित ज्वला–ह्लाय्कं (आरसी)को ८ अङ्कमा छापिएको कुमारधर शर्मा 'ज्ञानी'को 'जि छन्त थाकनं हे काय्के हय्'या सम्पादकीय पाखें छ्वाः नित्वाः ('म तिमीलाई छिटै लिन पठाउँछु, को सम्पादकको वक्तव्यबाट एक दुइ कुरा) भन्ने निबन्ध, सो अङ्कको १४ पृ.

६. वि. सं. २०३६ मा काठमाडौँबाट गोरखापत्रसंस्थानद्वारा प्रकाशित मधुपर्कको १२ वर्ष २ अङ्कका ८१–८६ पृष्ठमा छापिएको ज्ञानमणि नेपालको मल्लकालका एक साहित्यकार भन्ने निबन्ध

७. वि. सं. २०३७ मा काठमाडौँबाट मोक्षबहादुर अमात्यद्वारा प्रकाशित तन्नेरीको २ वर्ष २ अङ्कका ४१–४४ पृष्ठमा छापिएको ऐश्वर्यधर शर्माको लब्धप्रतिष्ठ कवि हरिवंशको प्रश्नोत्तर भन्ने निबन्ध

श्रीज्ञानमणि नेपालले चर्चा नगर्नु भएको, हरिवंश शर्माको सो काव्यको नाउँ नीतिभुजङ्गप्रयात हो । भुजङ्गप्रयात वृत्तका २० पद्यमा र अनुष्टुभ् छन्दको १ पद्यमा लेखिएको सो काव्यका पाँचवटा लेखोट पुस्तकको मैले यहाँ उपयोग गरेको छु । यी पाँचै पुस्तकको लिपि देवनागरी छ ।

सबभन्दा पहिले यी पाँच पुस्तकको परिचय दिनुपरेको छ ।

नेपाल राष्ट्रिय अभिलेखालयमा दोस्रो १४१ सङ्ख्यामा रहेको (माइक्रोफिल्मको रीलसंख्या बी २८१/२८) पुस्तकलाई मैले यहाँ क भन्ने नाउँ राखेको छु । यो पुस्तक कसले कहिले कहाँ सार्‍यो भन्ने कुरा थाहा छैन । यसको वैशिष्ट्य पद्यार्धमा र एउटा पद्य पूरा भएपछि दण्ड दिने चलन यस पुस्तकमा नहुनु हो । यो पुस्तक साढे चार पत्रमा मोटो टाँकाले लेखिएको छ ।

नेपाल राष्ट्रिय अभिलेखालयमा तेस्रो ४६२ सङ्ख्यामा रहेको (माइक्रोफिल्मको रीलसंख्या बी २८१/६) पुस्तकलाई मैले यहाँ ख भन्ने नाउँ राखेको छु । यो पुस्तक वि. सं. १९०७ मा विष्णु दत्त शर्मा भन्नेले सारेका हुन् भन्ने कुरा सोही पुस्तकमा लेखिएको तलको वाक्यबाट बुझिन्छ –

इति श्रीहरिवंशकविकृतौ नीतिभुजंगप्रयातं समाप्तम् ॥ ॥ श्रीशाके १७७३ चैत्रशुक्लाष्टम्यां तिथौ बुधवासरे लिखितमिदम्पुस्तकं विष्णुदत्तशर्मणा ॥ ॥[८]

यो पुस्तक तीन पत्रमा मोटो टाँकाले लेखिएको छ । तर यसका अक्षर कका जति मोटा छैनन् ।

नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको माइक्रोफिल्मको रीलसङ्ख्या जी ६४।१७ लाई मैले यहाँ ग भन्ने नाउँ राखेको छु । यो पुस्तक कसले कहाँ कहिले सार्‍यो भन्ने थाहा छैन । यस पुस्तकको उठानमा इदं पुस्तकं दैवज्ञभाजुमणिकस्य ॥ भनी लेखिएकोले भाजुमणि भन्ने ज्योतिषीको यो पुस्तक देखिन्छ । यो पुस्तक तीन पत्रमा मसिनो टाँकाले लेखिएको छ ।

पं. अच्युतानन्द राजोपाध्यायबाट हेर्न पाएको पुस्तकलाई मैले घ भन्ने नाउँ राखेको छु । यो पुस्तक वि. सं. १८८५ मा सारिएको हो भन्ने कुरा सोही पुस्तकमा लेखिएको तलको वाक्यबाट बुझिन्छ–

इति हरिवंशविरचितं नीतिभूजंगप्रयातं समाप्तं ❁॥❁॥❁॥❁॥ संवत् ९४९ कार्त्तिया पूर्ण्यमा पुन्हु चोय धुंगु थो सफू ॥❁॥

यो पुस्तक ज्यादै अशुद्ध गरी सारिएको छ । नेवारी लिपिमा श र ण झण्डै झण्डै उस्तै देखिने हुनाले लेखकले शलाई ठाउँठाउँमा ण सम्झी सारेको देखिन्छ । जस्तै–१ श्लोकमा यशःको ठाउँमा यणः, ५ श्लोकमा शैशवेको ठाउँमा

८. यस दिनको गणना यस प्रकारको छ –

शाके १७७३ चैत्रशुक्ल

| | | गते | वार | तिथि | घडी | पला | |
|---|---|---|---|---|---|---|---|
| वि. सं. १९०७ | चैत्र | २९ | बुध | अष्टमी | ३४ | ४९ | चैत्राष्टमी |

(पात्रोबाट)

शैशवे, १८ श्लोकमा राशिःको ठाउँमा राशिः, १९ श्लोकमा कर्क्कशत्वंको ठाउँमा कर्क्कशत्वं। नेवारी लिपिमा भ्य र त्यमा केही समानता देखिने हुनाले भ्यलाई लेखकले त्य सम्झेको देखिन्छ। जस्तै–५ श्लोकमा °भ्यस्तविद्याको ठाउँमा °त्यस्तविद्या, १८ श्लोकमा अनभ्यासको ठाउँमा अनत्यास। नेवारी लिपिमा भ्र र त्रमा केही समानता देखिने हुनाले भ्रलाई लेखकले त्र सम्झेको पनि देखिन्छ। जस्तै–६ श्लोकमा °भ्रंको ठाउँमा °मत्रं। रलाई व सम्झी कहीँकहीँ लेखकले भूल गरेको कुरा पनि पुस्तकबाट स्पष्ट हुन्छ। जस्तै– २ श्लोकमा मनोहारिणीको ठाउँमा मनोहाविणी, ३ श्लोकमा सरःको ठाउँमा सवः, सरोजै°को ठाउँमा सवोजै°, ८ श्लोकमा परस्त्रीको ठाउँमा पवस्त्री। यस पुस्तकमा ठाउँठाउँमा पद र पादसमेत छुटेका छन्। लेखकको संस्कृतभाषाको ज्ञान अत्यल्प थियो भन्ने कुरा लेखाइमा प्रशस्त गलती भएकोबाट भन्न सकिन्छ। यस कारण यस पुस्तकको भरबाट मात्र पाठनिर्णय गर्नु परेको भए महामुश्किल पर्ने थियो। यो पुस्तक साढे दुइ पत्रमा मसिनो टाँकाले सारिएको छ।

नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको माइक्रोफिल्मको रीलसङ्ख्या एच् ३३६/४१ लाई मैले ङ भन्ने नाउँ राखेको छु। यस पुस्तकको पहिलो पृष्ठ अर्थात् तेस्रो श्लोकको तेस्रो पाउका ११ अक्षरसम्मको भाग नपाइएकोले यो खण्डित छ। यो पुस्तक कसले कहिले कहाँ सार्‍यो भन्ने कुरा थाहा छैन। यो पुस्तक पनि अशुद्धप्राय छ तापनि घ पुस्तक जति अशुद्ध छैन। यो पुस्तक ठ्यासफुमा मोटो टाँकाले ४ पत्रमा सारिएको छ।

हरिवंश शर्माका नातिले राख्न लाएको अभिलेखमा उनका बाजेलाई महाकविर्व्याकरणादिकोषसाहित्यशास्त्रादिपुराणविज्ञः (= महाकवि, व्याकरण कोष साहित्यशास्त्र पुराण आदि जान्ने) भनी भने तापनि हरिवंश शर्माका लेख च्युतसंस्कृतिदोषले दूषित भएका हुनाले नातिले आफ्ना बाजेको विद्वत्ताको विषयमा जे लेखे वा लेखाएका छन्, सो अतिशयोक्तिले दूषित छ भनी भन्न हरिवंश शर्माका लेख पढेपछि कर लाग्छ। अन्त नजाऔँ, यही नीतिभुजङ्गप्रयात पनि ठाउँठाउँमा च्युतसंस्कृतिदोषले दूषित छ भनी देखाउन नसकिने होइन। पन्ध्रौँ श्लोकमा परेका गाम्भीर्यता र धैर्यता, उन्नाइसौँ श्लोकमा परेको हृन्महत्कर्कशत्वं, एक्काइसौँ श्लोकमा परेको लगिष्यतु जस्ता पदलाई औँल्याउनु नै यस प्रसङ्गमा पर्याप्त होला।

नीतिभुजङ्गप्रयातका पाइएका पाँच पुस्तकको आधारमा सकेसम्म प्रामाणिक पाठ मैले यहाँ दिएको छु। ती पाँच पुस्तक परस्परमा कहाँ कहाँ बाझ्छन्, तिनका सानासेसाना भेद (अशुद्ध भए पनि) मैले टिप्पणीमा देखाएको छु।

## मूलपाठ

१ श्रीगणेशाय नमः॥ ॥

सभायाः कविर्भूमिपालस्य नीतिः सुपुत्रः कुलानां सतां सत्यवाणी॥
श्रुतिर्ब्राह्मणानां त्रपा कामिनीनां यशः सर्वलोकस्य सद्भूषणं स्यात्॥१॥

---

१. क ख घमा १ चिह्न छैन। घ– ॐ नमो श्रीगणेशाय॥ ॥

२. घ– सत्यपाणी॥

३. घ– °ब्राह्मणानां घ– कामिणीनां यशः घ– सत् भूषणं

वृथा मन्दिरं सुन्दरी नास्ति येषां वृथा जीवनं साधुभिर्निन्दितानाम् ।
वृथा सेवनं निर्विवेकस्य राज्ञो वृथा सन्मनोहारिणी या न विद्या ॥२॥
निशा किं निशानाथहीना सरः किं सरोजैर्विहीनं गृही किं दरिद्रः ॥
मही किं महीनाथहीना कविः किं कवीनां मनोहारिपद्यैर्विहीनः ॥३॥
कवीनां वचो बालवाणी सुशीला प्रिया साधुसंगः कथा माधवस्य ॥
सुमित्रेण संभाषणं शीतकाले ऽनलः सप्त पीयूषतुल्यान्यमूनि ॥४॥
सतां भारती शैशवे ऽभ्यस्तविद्या कुलीनस्य मैत्री वरो देवतायाः ॥
मनो योगिनां न्यायसंप्राप्तलक्ष्मीः कुलस्त्रीजनप्रीतिरेति स्थिरत्वम् ॥५॥
नृपप्रेम मैत्री खलस्याक्षियुग्मं युवत्या अधर्मार्जितश्रीस्तरङ्गः ॥
नृणां जीवनं यौवनं बालचेष्टा सुखं दुःखमभ्रं न याति स्थिरत्वम् ॥६॥
नृपाणां सभां ये न पश्यन्त्यनेकां न श्रृण्वन्ति ये पण्डितानां वचांसि ॥
कलाकौशलं या न जानन्ति जाया अविद्या नरा ये पशुत्वं प्रयान्ति ॥७॥

---

१. ग– मंदिरं ख– °न्निन्दितानाम् ॥ ग– °निन्दितानां
१/२. घ– वृथा मन्दिरं सुन्दरी नास्ति येषां ˎ वृथा सेवनं निर्विवेकस्य राज्ञे :॥
वृथा जीवनं साधुभिर्निन्दितानां वृथा सन्मनोहाचिणी या न विद्या ॥
३. ग– किन्निशा° °ग– दरिद्रः घ– किं तिशानाथहिना सचः किं सचोजै°
४. ग– किम्मही° ग– कवीनाम्मनो° घ– कनां घ– °र्विहिनः ॥३॥ ङ– °र्वि । हीन ॥३॥
५. ग घ– माधवस्य
६. क ग घ– शीतकालेनलः ङ– शीतकालेनल घ– पीयुष°
७. क ख ग– शैशवेभ्यस्त° घ– गौशवेत्यस्त° ङ– सैसवेभ्यस्त° ङ – देवताया ॥
८. घ– °लक्ष्मीः ङ– °लक्ष्मी ङ– °जनः घ– चति स्ठिरत्वं ॥५॥ ग ङ– स्थिरत्वं ॥५॥
९. ङ– नृपः प्रेम घ– खरस्या° ग– अधर्म्मार्जित° ॥ घ– अधर्म्मार्ज्जित° ङ– अधर्म्मार्जितः क– °स्तरंगः
ख ग– °स्तरंगः ॥ ङ– श्रीतरंगं ॥
१०. घ– °नृणा जीवनं योवनं बालचेष्टां सुखं दृखमत्रं न याति स्ङिरत्वं ॥६॥
ग– °मभ्रन्न क– स्थिरत्त्वम् ६ ख ङ– स्थिरत्वं ॥६॥
११. क ख घ ङ– सभा क ख– °पश्यन्त्यनेकां ग– पश्यंत्यनेका घ– पश्यन्त्यनेका° ङ– पश्येन्त्यनेका
ग ङ– शृणवंति घ– शृश्वन्ति घ– पंण्डितानां ङ– पंडितानां ग– वचांसि घ– वचान्सि ॥
१२. क ग ङ– जानंति घ– जायां ख– अविद्यापरा घ– य ख ग– प्रयांति ॥७॥ ङ– प्रयाति ॥७॥

अवाप्नोति भूपालमानं सविद्यः सुशीलो यशो मङ्गलं धर्मचित्तः ॥
कलङ्कं परस्त्रीरतोऽशर्म पापी गुरुत्वं धनो निर्धनो नादरत्वम् ॥८॥
त्रपा कामिनां कामिनीनां च सत्यं क्षमा दुर्जनानां सतां निर्दयत्वम् ॥
अशौचस्य लक्ष्मीरभावस्य सिद्धिः परेषां न विश्वासता स्यात्कदाचित् ॥६॥

५. कुमन्त्रिप्रियो भूमिपालः कुलस्त्री परासक्तचित्ता स्मरार्तः स्थवीयान् ॥
कुसंगप्रियः साधुरज्ञश्च मैत्री सभा साधुहीनोपहास्यत्वमेति ॥१०॥
धनाढ्यो ऽनहंकृद्युवानङ्गजेता सविद्यो विनम्रः सशक्तिर्दयावान् ॥
विपत्त्याकुलो धैर्ययुक्तो नरो यः स एवोदितो वंशपङ्केरुहार्कः ॥११॥
कवित्वं विना किं मनीषा धनं किं विना दानशक्तिं विनार्थं सुखं किम् ॥
१०. सुतः किं विना तातपादाब्जसेवां विना भर्तृभक्तिं कुलस्त्रीजनः किम् ॥१२॥

---

१. ख ग घ–°मान्यं ङ–°मान्ये ङ–सविद्यो घ–सुशीला ङ–सुशीलो ग घ ङ–यसो क ग ङ–मंगलं ग–धर्मचित्तः घ–धर्म्मचिन्तः ॥ ङ–धर्मचित्त ॥ क–गुरुत्वं क–नादरत्वम् ८

२. ख ग घ ङ–कलंकं घ–पचस्त्री° क–°रतोशर्म ङ–यायी ग ङ–°रतोधर्म घ–रतोशर्म्म घ–पाणां ङ–यायी क–गुरुत्वं ङ–गुरुत्वं ख ग–निर्द्धनो घ–निड्घनो क–नादरत्वम ८ घ–नारदत्वं ॥८॥ ङ–नादरत्वं ॥८॥

३. ख–त्रपा कामिनी क–कामिनीनाञ्च घ–चमा ज्जनानां ग–निर्दयत्वम् घ–निर्द्दयत्वं ॥ ङ–निर्दयत्वं ॥

४. ग–असौचस्य लक्षो ङ–सिद्धि घ–विस्वासता ब–स्यात्कदापि ॥६॥ ङ–स्यात् कदाचित् ॥६॥

५. क ग–कुमंत्रि° ख ङ–कुमंत्री° घ–°प्रीयो ग–भूमिपाल ख–कुलःस्त्री ङ–कुलस्त्रीः ख घ ङ–पराशक्त° ग–°चित्तः ङ–चित्त क ग घ–स्मरार्त्तः ख–स्मरार्त्त ङ–स्मरात ग–स्थवीयान् घ–स्ङवीयान ॥

६. ङ–°प्रिये क–°रज्ञस्य ग घ ङ–°रज्ञश्च ग घ–मंत्री ङ–मंत्रि ङ–पहास्येत्व°

७. क ख ग घ–धनाढ्योनहं° ङ–धनाढ्योनहंकृत् घ–°द्युपा° ख ग ङ–°वंग° क ग ङ–सविद्योपि नम्रः ग–र्दयावान् घ–°र्द्दयावान् ॥

८. क ग ङ–विपत्या° घ–धैर्य्य° क ख ग ङ–°पंके° घ–°पके° घ–°रुहार्क्कः ॥११॥

९ क–कवित्त्वं घ–विनाः ग–किम्मनीषा घ–मणीषा ङ–विनार्थं ख घ ङ–सुखं किं ॥ ग–सुखं किम्

१०. ख ग ङ–सुतं घ–°पादाक्ज° ङ–°सेवा क ख–भर्त्त°° ङ–भर्त्तु० घ–°भक्तिः ङ–°जन घ–कीं ॥१२॥ ङ–किं ॥१२॥

धरित्रीपतीनां चरित्रं खलानां चरित्रं मृगाक्षीजनानां चरित्रम् ॥
सुराणां चरित्रं धनानां चरित्रं न जानाति सद्बुद्धियुक्तो ऽपि सम्यक् ॥१३॥
हतो मृत्युना को न पञ्चायुधेन जितः को नरो मोहितो नो तरुण्या ॥
हृतं नो मनः कस्य वीणाक्वरणेन न संसारकूपोदरे को निमग्नः ॥१४॥
प्रजापालनं शूरता नीतिचिन्ता सुपात्रेषु दानं सदा साधुसंगः ॥
गुणप्रेम गाम्भीर्यता धैर्यता स्युर्गुणा निर्मला अष्ट पृथ्वीपतीनाम् ॥१५॥
अलोभः सदाचारता शान्तता च त्रिकालेषु सन्ध्या जपो वेदमातुः ॥
शिवे भक्तिता वेदमन्त्रेषु निष्ठा द्विजानां गुणा निर्मला एव सप्त ॥१६॥
परेषां गुणे कीर्तनं शास्त्रचिन्ता खलाप्रीतिता सज्जनप्रीतिता च ॥
गुरौ नम्रता ऽनन्यकान्तारबिर्ह्रीर्हरौ भक्तिरष्टौ गुणाः सज्जनानाम् ॥१७॥

---

१. घ– खलानां चरित्र ग– °जनानां चरित्रम् घ– °जनानां चरित्रं

२. क घ– घनानां क ख ग घ–°युक्तोपि घ– सत्यं ॥१३॥

१।२. ङ– धरित्रीपतीनां चरित्रं खलानां मृगाक्षीजनाना चरित्रं धनानां सुराणां ॥ चरित्रं न जानंति सद्बुद्धियुक्तोपि सम्यक् ॥१३॥

३. घ– केन क ख ग घ ङ– पंचा° क घ–को न को मोहितो नो तरुण्या ख– को न वा मोहितो नो तरुण्या ॥ ग– को नरो मोहितो नो तरुण्या घ– को न को मोहितो रमण्या ॥ ङ– को नरो मोहितो नः स्तरुण्यां ॥

४. ग– हृतन्नो घ– हृतो नो घ– हृतो नो ङ– हृतम्नो घ–°क्वोणेन घ–°कुपो° ख– विमग्नः ।।१४॥ ङ– निग्नः ।।१४॥

५. ङ– सूरता ग– नीतिता ङ– °चिंता ख– सुपुत्रेषु ग– °संगः

६. ख ग– गुणान्प्रेम ङ– गुणाप्रेम क ख ग ङ– गांभीर्यता घ– गाम्भीर्य्यंता ख– धैर्य्यता ग– धैर्यताः ङ– धैर्य्यताः घ– स्य ग्गुणाः तिर्म्मला क– श्रेष्ठ घ– ते भूपतीनां ॥१५॥ ङ– पृथ्वीपतीनां ॥१५॥

७. घ– अलोभ ख ग ङ– शांतता घ–सांतता ग–त्रिकाले च ख ग ङ– संध्या घ– सध्या ङ–जपे ग– °मातु:

८. घ– भक्तीता क ख ङ– °मंत्रेषु घ– °मन्त्रेसु ख– तिष्ठा ङ– निष्टां घ– द्विजाना घ– निर्म्मला ग– निर्मलाः सप्त एव ॥१६॥ घ– एवा सप्त ॥१६॥ ङ– सप्त एवः ॥१६॥

९. क ख ग घ ङ– कीर्त्तनं ख ग ङ–°चिंता क–°प्रीतता ख-सज्जनं घ- सर्ज्जन° ग–च। ङ– चः ॥

१०. घ–नमुता क ङ–नम्रता नान्य° ख घ–नम्रतानन्य° ग ङ–°कांता° क ग– °रतित्वं हरौ ख–रतिर्ह्रिर्हरौ घ– रति ह्रीः शिवे ङ– रतीत्वं हरौ घ– भक्ती° ङ– रस्तौ गुणां ग घ ङ– सज्जनानां ॥१७॥

परस्योपकारान्महापुण्यराशिः परस्यापकारान्महापापराशिः ॥
अनभ्यासतो ऽधीतविद्याविनाशमवाप्नोति लोभाद्गुणाः सर्व एव ॥१८॥
वचः कोमलं हृन्महत्कर्कशत्वं बहिः प्रीतितान्तर्म्मर्महृच्छत्रुता च ॥
परच्छिद्रदृष्टिश्च पैशुन्यवृत्तिरभक्तिर्गुरौ दुष्टचिह्नानि सप्त ॥१९॥

५. न शीलात्परं भूषणं धर्मतो ऽन्यत्सुमित्रं न पापात्परो नैव शत्रुः ॥
न च श्रीमहादेवतो ऽन्यः शरण्यो न वैराग्यतो विद्यते भाग्यमन्यत् ॥२०॥
निर्मिता कविता कान्ता हरिवंशद्विजन्मना ॥
नीतिबुद्धिप्रदा कण्ठे विदग्धानां लगिष्यतु ॥२१॥
इति श्रीहरिवंशकविकृतौ नीतिभुजङ्गप्रयातं समाप्तम् ॥ ॥

---

१-४. कमा १८ श्लोक १९ र १९ श्लोक १८ भएको छ ।

१. क- °पुण्यराशिं ङ- पुण्यराशि ग- परस्यापकान्महा° क- °पापराशिम् ग- पापराशिः
घ- परस्यापकारान्महत्पापराशिः परस्योपकारान्महत्पुधराशिः ॥
ङ- °पापराशि ॥

२. क ख ग ङ- अनभ्यासतोधीतविद्या° घ- अनत्यासतोधीतविद्या° ङ- विनाशः घ- लाभाङ्गुणाः

३. ङ- वचन्कोमलं क- °त्कर्कषत्वं ग- °त्कर्कसत्वं घ- °त्कवर्कणत्वं ख- प्रीतितांत° ग- प्रीतिता मर्मंहृच्छत्रुता घ- °र्म्मंह छत्रुता ङ- प्रीत्तिता मर्मंहृत्छत्रुता ङ- चः ॥

४. ख ग- परछिद्र° घ ङ- परे छिद्र° ङ- °दृष्टी च घ- मैशुन्य° °रभक्ति गुरौ ङ- °रभक्ती गुरो घ- दृष्ट°
ङ- दुःष्ट° क ख घ ङ- °चिन्हानि घ ङ- सप्तः ॥१९॥

५. क ख ग- धर्मतोन्य° ङ- धर्मतोन्ये ग- सुमित्रन्न ख ङ- पापात्परं ग- पापात्परन्नैव शत्रुः

६. क ख ग- °देवतोन्यः ङ- °देवतोन्ये ङ- छरन्यो ख- वैराजतो विद्यते राज° ङ- भाग्यविद्येति मन्ये ॥२०

५।६. घ- न शीलात्पर भूषणं धर्मतोन्यः शरणया न वैराग्गतो बत्तते भाग्यमन्यत् ॥२०॥

७. ख ग ङ- कांता घ- °द्विजन्मना ॥ ।

८. ङ- °बुद्धिमत्ता ख ग ङ- कंठे घ- कंण्ठे घ- लगिष्यतु ॥२१॥ ङ- लगीष्यटुः ॥२१॥

९. क- इति कविहरिवंशकृतं नीतिभुजङ्गप्रयातम् समाप्तम् शुभमस्तु
ख- इति श्रीहरिवंशकविकृतौ नीतिभुजंगप्रयातं समाप्तम् ॥ ॥ श्रीशाके १७७३ चैत्रशुक्लाष्टम्यां तिथौ बुधवासरे लिखितमिदम्पुस्तकं विष्नुदत्तशर्मणा ॥ ॥ शुभमस्तु ॥ श्रीरस्तु ॥ ॥ श्रीबालगोविन्दसहायोस्तु ॥
ग- इति हरिवंशकविकृतौ नीतिभुजंगप्रयातम् ॥ ❁ ॥
घ- इति हरिवंशविरचितं नीतिभुजंगप्रयातं समाप्तम् ❁ ॥❁॥❁॥❁॥ संवत् ९४९ कार्त्तिया पूर्णमा पुन्हु चोय धुंगु थो सफू ॥ ❁ ॥
ङ- इति श्रीहरिवंशकविकृतौ नीतिभुजंगप्रयातं समाप्तं ॥ ॥

## उल्था

श्रीगणेशलाई नमस्कार ।

सभाको कवि, राजाको नीति, कुलहरूको सपूत, सज्जनहरूको साँचो बोली, ब्राह्मणहरूको वेद, स्वास्नीमान्छेहरूको लाज, सबैको कीर्ति असल गहना हुन्छ ।।१।।

जसको स्वास्नी छैन, (त्यसको) घर व्यर्थ हुन्छ । सज्जनहरूले निन्दा गरिएकाहरूको जिन्दगी व्यर्थ हुन्छ । विवेक नराख्ने राजाको चाकरी व्यर्थ हुन्छ । जुन विद्याले सज्जनहरूको मन हर्दैन, (त्यो) व्यर्थ हुन्छ ।।२।।

चन्द्रमा नभएको रात के, कमलहरू नभएको तलाउ के, गरीब गृहस्थी के, राजा नभएको देश के, कविहरूको मन हर्ने पद्य नभएको कवि के ।।३।।

कविहरूको बोली, तोते बोली, असल शीलस्वभाव भएकी स्वास्नी, सज्जनको सङ्गत, नारायणको कथा, असल साथीसँगको कुराकानी, जाडोमा आगो यी सात अमृतबराबरका हुन्छन् ।।४।।

सज्जनहरूको बोली, केटाकेटीमा पढेको विद्या, खानदानीसँगको मितेरी, देवताको वर, योगीहरूको मन, न्यायपूर्वक पाएको धन, खानदानी आइमाईको प्रेम दीगो हुन्छ ।।५।।

राजाको प्रेम, दुर्जनसँगको मितेरी, तरुनीका दुइ आँखा, अधर्मपूर्वक कमाएको धन, छाल, मानिसहरूको जिन्दगी, जवानी, केटाकेटीहरूका कामकार्वाइ, सुख, दुःख, बादल दीगो हुँदैन ।।६।।

राजाहरूका अनेकन् सभा जसले देख्दैनन्, पण्डितहरूका कुरा जसले सुन्दैनन्, जुन स्वास्नीहरू कलाकौशल जान्दैनन्, जुन लोग्नेमान्छेहरू अपढ छन्, तिनीहरू पशु हुन् ।।७।।

पढेकोले राजाबाट मान, असल शीलस्वभाव भएकोले कीर्ति, धर्ममा मन भएकोले मङ्गल, अर्काकी स्वास्नीमा लागेकोले कलङ्क, पापीले दुःख, धनीले बडप्पन, गरीबले निरादर पाउँछ ।।८।।

गुण्डाहरूलाई लाज, गुण्डीहरूमा सत्यता, दुर्जनहरूमा क्षमा, सज्जनहरूमा निठुरीपना, अपवित्रको लक्ष्मी, अभावको सिद्धि, शत्रुको विश्वास कहिल्यै हुँदैन ।।९।।

खराप मन्त्रीलाई मन पराउने राजाको, अरूमा चित्त लगाएकी खानदानी आइमाईको, कामवासनाले पिरिएको ज्यादै बूढो मान्छेको, कुसङ्गत मन पराउने सज्जनको, मूर्खहरूसँगको मितेरीको, सज्जन नभएको सभाको गिल्ला हुन्छ ।।१०।।

अहङ्कार नगर्ने धनी, कामवासनालाई जित्ने पट्ठा, पढेको नम्र, शक्ति भएको दयालु, विपत्तिमा परेको धैर्य गर्ने जो मानिस छ, त्यो कुलरूपी कमलको सूर्य भनिन्छ ।।११।।

कविताविना बुद्धि के, दान गर्ने शक्तिविना धन के, पैसाविना सुख के, बाबुको चरणकमलको सेवाविना छोरा के, लोग्नेको भक्तिविना खानदानी आइमाई के ।।१२।।

राजाहरूको चरित्र, दुर्जनहरूको चरित्र, आइमाईहरूको चरित्र, देवताहरूको चरित्र, धनको चरित्र बुद्धि भएको मानिसले पनि राम्ररी जान्दैन ।।१३।।

मृत्युले को मारिएन ? कामदेवले को जितिएन ? तरुनीले को लोग्नेमान्छे मोहित भएन ? वीणाको आवाजले कसको मन हरिएन ? संसाररूपी कूवाभित्र को डुबेन ? ।।१४।।

दुनियाँलाई पाल्नु, सुन्याइँ, नीतिको विचार, सत्पात्रहरूमा दान, सधैँ सज्जनको सङ्गत, गुरुमा प्रेम, गम्भीरपन, धैर्य राजाहरूका आठवटा निर्मल गुण हुन् ।।१५।।

लोभ नगर्नु, सदाचार, शान्तपन, त्रिकालसन्ध्या, गायत्रीको जप, शिवजीमा भक्ति, वेदका मन्त्रहरूमा निष्ठा ब्राह्मणहरूका सातवटा निर्मल गुण हुन् ।।१६।।

अरूहरूको गुण गाउनु, शास्त्रको विचार, दुर्जनमा प्रेम नगर्नु, सज्जनमा प्रेम गर्नु, मान्यजनको अगाडि नम्र हुनु, अर्काकी स्वास्नीमा नलहसिनु, लाज, हरिमा भक्ति सज्जनहरूका आठ गुण हुन् ।।१७।।

अरूको उपकार गर्नाले ठूलो पुण्य हुन्छ, अरूको बिगार गर्नाले ठूलो पाप हुन्छ, रफत नगर्नाले पढेको विद्याको नाश हुन्छ, लोभ गर्नाले सबै गुणको नाश हुन्छ ।।१८।।

कमलो बोली, ज्यादै कडा मन, बाहिर प्रेम, भित्र ठूलो शत्रुता, अरूको छिद्रमा आँखा, छुल्याइँ, मान्यजनमा भक्ति नगर्नु दुष्टका सातवटा चिह्न हुन् ।।१९।।

असल स्वभावभन्दा ठूलो गहना छैन, धर्मभन्दा अर्को असल साथी छैन, पापभन्दा ठूलो अर्को शत्रु छैन, महादेवभन्दा शरण लिने अर्को छैन, वैराग्यभन्दा अर्को भाग्य छैन ।।२०।।

ब्राह्मण हरिवंशले बनाएको नीति र बुद्धि दिने राम्रो कविता चतुराहरूलाई कण्ठ होओस् ।।२१।।

कवि हरिवंशले बनाएको नीतिभुजङ्गप्रयात सिद्धियो ।

❀

# योगनरेन्द्र मल्लको राज्याभिषेकको लागि टिपिएको कर्मकाण्डसम्बधी टिपोट

—महेशराज पन्त

श्रीनिवास मल्लको शेषपछि वि. सं. १७३५ तिर उनका छोरा योगनरेन्द्र मल्ल पाटनका राजा भए भनी श्रीसूर्यविक्रम ज्ञवालीले वि. सं. १९९२ मा लेख्नुभएको थियो।[१] श्रीनिवास मल्ल छँदै योगनरेन्द्र मल्ल वि. सं. १७४१ मा पाटनका राजा भएका हुन्, श्रीनिवास मल्लको मृत्युचाहिँ यसको दुइ वर्षपछि वि. सं. १७४३ मा भएको हो भनी श्रीऐश्वर्यधर शर्मा र श्रीगौतमवज्र वज्राचार्यले वि. सं. २०१२ मा ज्ञवालीजीको लेखाइको सप्रमाण खण्डन गर्नु भएको थियो।[२] योगनरेन्द्र मल्लको राज्याभिषेक श्रीनिवास मल्लले राजीखुशी गरिदिएका होइनन्, छोराले घर छोडी विद्रोह जस्तो गरी हिँडेकाले उनले छोराको राज्याभिषेक गरी राज्य छोडेका हुन् भन्ने कुरा श्रीधनवज्र वज्राचार्यले वि. सं. २०२३ मा प्रकाश गर्नु भयो।[३] वि. सं. २०२३ मै श्रीडिल्लीरमण रेग्मीले यस विषयमा अरू प्रमाण जुटाउनुभयो।[४]

पं. अच्युतानन्द राजोपाध्यायको सङ्ग्रहमा श्री श्रीकृर्त्तिमल्ल देव प्रभु राजा सारेयात परिपात (=श्रीश्रीकीर्ति मल्ल देव प्रभुलाई राजा थाप्नको लागि परिपाटी) भनी लेखिएको एउटा पुस्तक छ। ने. सं. ८०५ (वि. सं. १७४१) मङ्सीरमा लेखिएको यस पुस्तकमा राज्याभिषेकको लागि कर्मकाण्डको दृष्टिले आवश्यक कुराहरूको छोटकरीमा टिपोट गरिएको छ।

---

१. वि. सं. १९९२ मा दार्जीलिङ्बाट नेपाली साहित्यसम्मेलनद्वारा प्रकाशित सूर्यविक्रम ज्ञवालीको पृथ्वीनारायण शाहको ४६ पृ.

२. वि. सं. २०१२ मा काठमाडौँबाट ऐश्वर्यधर शर्मा र गौतमवज्र वज्राचार्यद्वारा रचित तथा प्रकाशित इतिहास–संशोधन [६ संख्या] का २–३ पृ.

३. वि. सं. २०२३ मा प्रकाशित पूर्णिमा ९ अङ्कमा छापिएको धनवज्र वज्राचार्यको योगनरेन्द्र मल्लको राज्याभिषेक भन्ने निबन्ध, सो अङ्कका १७–२२ पृ.

४. वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (मध्यकालको नेपाल)को २ भागका ३१०–३११ पृ.

यस पुस्तकमा उठानमै मनिमन्दपस करसार्च्चन याय (= मणिमण्डपमा कलशपूजा गर्ने) भनी लेखिएको छ । पाटन मङ्गलबजारको प्रसिद्ध कृष्णमन्दिरको अगाडि मणिमण्डप अहिले पनि छँदैछ । त्यही मणिमण्डपमा ने. सं. ८३७(वि. सं. १७७४) मा महीन्द्रसिह (भास्कर मल्ल)को पाटनका राजाको रूपमा अभिषेक गरिएको कुराको तात्कालिक बयान पनि पाइन्छ ।[५] यताबाट यो टिपोट पाटनका राजाको अभिषेकको लागि तयार पारिएको हो भन्ने देखिन्छ ।

श्रीश्रीकीर्ति मल्ल देव प्रभुलाई राजा थाप्नको लागि परिपाटी भनी यस टिपोटमा लेखिएकोले यी कीर्ति मल्लको परिचय हामीले खोज्नुपरेको छ । योगनरेन्द्र मल्लको राज्याभिषेक ने. सं. ८०५ (वि. सं. १७४१) पौषकृष्ण पञ्चमी-को दिन भएकोले पाटनमा कीर्ति मल्ललाई राजा थाप्नाको लागि चाहिने कुराको टिपोट गरी ने. सं. ८०५ (वि. सं. १७४१) मार्गमा लेखिएको यो पुस्तक कहीँ योगनरेन्द्र मल्लकै राज्याभिषेकको लागि तयार गरिएको त होइन भन्ने शङ्का हाम्रो मनमा झट्ट नउठ्ने होइन । एउटै मानिसको एकभन्दा बढी नाउँ हुनु पनि असम्भव नभएकोले राजाको नाउँ कीर्ति मल्ल नै लेखे तापनि यो टिपोट योगनरेन्द्र मल्लको लागि नै लेखिएको हो भन्ने देखिन्छ ।

मल्लकालमा राज्याभिषेक कसरी हुन्थ्यो भनी बुझ्न खोज्नेहरूलाई यो टिपोट उपयोगी होला भन्ने विचारले नेवारी भाषामा लेखिएको यस टिपोटलाई जस्ताको तस्तै नेपालीमा उल्थासमेत गरी प्रकाश गरेको छु । तात्कालिक नेवारी भाषामा लेखिएको यस लेखको सबै अर्थ नलागेकोले अनुवाद ठाउँठाउँमा खण्डित छ भन्ने कुरा पनि यहाँनिर मैले स्पष्ट भन्नुपरेको छ ।

## मूलपाठ

१ स्वस्ति ।। श्रीश्रीकीर्त्तिमल्लदेव प्रभु राजा सारेयात ˎ परिपात ˎ मनिमन्दपस ˎˎ करसार्च्चन याय ˎˎ यथाकर्म्मस रंश्वर वने ˎˎ रु ध्वाका ˎˎ ध्वजा जव ˎˎ ख वस ˎˎ व्यञ्जनमार पेनपात १ पुरो ˎˎ सरचति ˎ पु १ परि ˎ आसन ˎˎ दवङ पादार्घ याय ˎ अर्घा ह्लोर मार ˎˎ आचमन ˎˎ गोड १ संख ˎˎ ह्लोर माल ˎ चुनरुँन ˎˎ अर्घ याय ˎˎ कुत्या १ × तोयुव पात १ तुत्ये हुययात ˎˎ पात १ क्वतोर न्होर ˎˎ दशपति ˎˎ ग्वड ९ गोय ˎˎ तीर्थजल ˎˎ अभिशेष ˎˎ राजा ˎˎ तायन प्रतिस्था ˎˎ क्वाथच्छेस ˎˎ रंस्वर वने ˎˎ सिन्दूर-जात्रा याया ।। उक्ष वते ˎˎ सरस्वती चो ध्वाषान दुहा वय ˎˎ शंख ˎˎ प्वंगा ˎˎ काहार ˎˎ नायषि ˎˎ धाक ˎˎ स्वाहाक्र ˎˎ पञ्चतार कुह्मरप्याखन ˎˎ राधाप्याखन ˎˎ ह्म २ यिविनि ˎˎ ह्म २ मिसाजन च्छायपे ˎˎ च्छह्मसेन ब पुय ˎˎ फे १ ˎ तुफे च्छह्मस्यन ˎˎ राखन हाय ˎˎ ग्वड १ ताहारप्वं ˎˎ वसार राय ˎˎ कापर न

५. वि. सं. २०३६ मा पाटनबाट पाटन संयुक्त क्याम्पसको विद्यार्थिमण्डलद्वारा प्रकाशित कुलाँ (क्षितिज)को ५ वर्ष ४ अङ्कमा छापिएको धनवज्र वज्राचार्यको यलया मणिमण्डप (पाटनको मणिमण्डप) भन्ने निबन्ध, सो अङ्कको १६२ पृ.

त्वाक पि ४ व्यञ्जनमार ॱॱ रयात ॱॱ ताय ॱॱ अक्षत ॱॱ पुष्पवृष्टि[1] याङाव दुंत हय ॱॱ थन मनिगलस ॱॱ गुपा अतपा न्याचके ॱॱ थन कुथि बिया थायसं बिज्याचके ॱॱ श्रीब्राह्मण ॱॱ जोसि ॱॱ आचार्य्य बोङ हक्व ॱॱ भोपयके मार ॱॱ थ्वते परिपाति जुरो ॥ कुह्मरप्याखन ॱॱ चितस्वान ॱॱ दशपति[2] ॱॱ पंचतारयात ॱ चितस्वान दशपति ॱॱ दैत्यप्याखनयात ॱ चितस्वान ॱ दशपति ॱॱ राधाप्याखनयात ॱ चितस्वान ॱ दशपति ॥ पञ्चयात ह ॱङरुव चोक ॱ चितस्वान बियमार जुरो ॥ शुभ ॥ वसा रायका रकंन ॱ साब्बाक ॱ ववथाक्व ॱ श्रीश्रीराजा अभिशेष बिय ॥ ग्वड २ कंसबाता ह्लोर ॱॱ ह्म ुत १ कुश ॱ सँप्रानल त्यारे ॱ तरमाधेचोरोस यंया वकलंचोरोस ॱॱ मनिग्लया ॱ चोरास ॱ ग्वड ४ सिजलधरप्वं तीर्थजल ॱॱ पुहोद्वया ॱॱ चुपिगारतीर्थया तवपुषुरितीर्थया ॱ कसानषुसितीर्थया ॱॱ इन्द्रकलेशपूजा ॱ सज्या-कलेशपूजा ॥ वरुणकलेशपूजा ॥ आदित्यकलेशपूजा ॥ थव थवया ध्यान स्तोत्रन ॱॱ ब्राह्मन ॱॱ साम्ववेदि ॥ यजुर्व्वेदि ॥ ऋग्वेदि ॥ अथर्व्ववेदि ॥ श्रीश्रीराजा चौकि चोयाव सिंहासन देच्छाय श्रीश्रीराजा ॱॱ सिंहासनस त्ये ॱ थन रख्याहुति ॥ कोत्याहुति ॥ अयिताहुति ॱ ॥ अविस्यष बिय ॥ मूल इन्द्रकलेश ॱ सर्ज्याकलेश[3] विवाहाया मूल वरुणकलेशस ॱॱ तीर्थअभिसेक ॱॱ तीर्थजात्रा वङाया ॱॱ आदित्यकलेश ॱॱ महाबलि ग्रहजज्ञ याङाया ॱ अभिषेक ॱॱ यज्ञया जुरङाव ॱॱ षुह्लद्वस ॱॱ यंया जुरङाव त्यषुहोस ॥ यलंया जुरङाव शंखमोडस ॱॱ तव तग्व मानुसन ॱॱ यज्ञ यातङास्यं श्रीश्रीराजा बिज्याचके द्व ॥ श्रीपशुपतिस पूजा च्छोय ॥ श्रीचंगुस पूजा च्छोय ॥ श्रीबुंगस पूजा च्छोय ॥ थव ईश्वरीस ॱॱ मारक्व पूजा च्छोय ॥ श्रीब्राह्मणजुत्वस्यन ॱॱ सहस्रशीर्षा परपे ॱॱ थोनंरि षडङ्ग पडपे ॱॱ थोनंरि संहिता पडपे ॥ जोसि पाठ मृत्युञ्जय पडपे ॱॱ ॥ आचार्य्यन ग्रहादि पाठ याय ॱॱ मालक्व ॱॱ सातसय पडपे ॱॱ देवदेवयाति न बलि मालको च्छोय ॱॱ लोक सोरवकों मोर ल्हुयाव ॱॱ रिहा वय ॱॱ श्रीब्राह्मणजुन ॱ श्रीराजायात ॱॱ वस्त्र बिय ॱॱ सगुण बिय ॱ जोसि ॱ आचार्य्य ॱ प्रधान भिङजन ॱ मयिजुपिनिस्यंनं ॱॱ देशया ॱॱ लोक साक्ररेस्यनं ॱॱ पूजावारि ॱॱ सकलेङ ॱॱ दक्षिणा बियमारको ॱॱ उपद्रहनि बिय ॱॱ भोपयके ॱॱ इति अभिषेककर्म्मविधि समाप्त ॥ शुभ ॥

सं ८०५ मार्ग्ग

## उलथा

कल्याण होओस् ।

श्रीश्रीकीर्ति मल्लदेव प्रभूलाई राजा थाप्नको लागि परिपाटी ।

१. मूलमा पुष्पष्टि छ ।

२. मूलमा दसपति लेखी सको माथि संशोधनचिह्न दिइएको छ ।

३. सर्ज्याकलेशपछि लेखिएको पूजा काटिएको छ ।

मणिमण्डपमा कलशपूजा गर्ने । यथाकर्ममा लिन जाने । सुनको ढोका । दायाँ बायाँ ध्वजा । व्यञ्जनमाला । ...आसन । उठेर पाद्यार्घ गर्ने । अर्घ नयाँ चाहिन्छ । एउटा आचमनी । शङ्ख नयाँ चाहिन्छ । सुनको धूलोले अर्घ गर्ने । डेढ हात सेतो कपडा खुट्टा पुछ्नको लागि। कपडा १ । एउटा नयाँ कोटल । चन्दनखोरी । नौवटा सुपारी । तीर्थजल । अभिषेक । लावा । लावाले प्रतिष्ठा । ववाथच्छेँमा लिन जाने । सिन्दूरजात्रा गर्नको लागि । उता जाने । सरस्वती-माथिको ढोकाबाट भित्र्याउने । शङ्ख । प्वङ्गा (मुखले बजाउने लामो मसीनो बाजाविशेष) । काहाल ( प्वङ्गा जस्तै, तर ठूलो ) । नायखिँ ( घाँटीमा भिरेर दायाँपट्टि छडीले बायाँपट्टि हातले बजाइने मादलविशेष ) । धा: (नायखिँ जस्तै, तर बायाँपट्टि छडीले, दायाँपट्टि हातले बजाइने बाजा) । म्वाहाली ( सनहीविशेष )[१] । पञ्चतार । कुमारनाच । राधानाच । दुइजना ... । दुइजना आइमाई लग्ने । एकजनाले बढार्ने । एउटा कुचो । एकजनाले पानीको धारा लाउने । एउटा ताहाँपो ( टुटी भएको पानीको भाँडोविशेष ) । कपडा बिछ्याउने । कपडा पनि चार टुक्रा । व्यञ्जनमाला । बाटोलाई । लावा, अक्षता, पुष्पवृष्टि गरेर भित्र्याउने । यहाँ मनिगलमा नौवटा इँटले छेका राख्ने । यहाँ कोठा दिइएको ठाउँबाट सवारी चलाउने । श्रीब्राह्मण, जोशी, आचार्य बोलाएर ल्याइएका जतिलाई खुवाउनुपर्छ ।

यति परिपाटी भयो ।

कुमारनाच, चन्दनफूल, चन्दनखोरी। पञ्चतारलाई चन्दनफूल, चन्दनखोरी। वैत्यनाचलाई चन्दनफूल, चन्दनखोरी। राधानाचलाई चन्दनफूल, चन्दनखोरी । अगाडि बसेका पञ्चलाई चन्दनफूल दिनुपर्ने हुन्छ ।

शुभ ।

कपडा बिछ्याई तान्ने जति तलसम्मकाले श्रीश्रीराजालाई अभिषेक दिने । काँसका दुइटा नयाँ बाटा, एक मूठा कुश ... । तरमाथेचोरोमा, काठमाडौँको वकलंचोरोमा, मनिगलको चोरोमा । चारवटा तामाँका गाग्रामा तीर्थजल । पुहोद्वको, चुपिङ्गारतीर्थको, तवपुखुरितीर्थको, कसानखुसितीर्थको । इन्द्रकलशपूजा । सद्य:कलशपूजा । वरुणकलशपूजा । आदित्यकलशपूजा । आआपना ध्यान स्तोत्रले । सामवेदी, यजुर्वेदी, ऋग्वेदी, अथर्ववेदी ब्राह्मण । श्रीश्रीराजा । चौकी लेखेर सिंहासन चढाउने । श्रीश्रीराजालाई सिंहासनमा राख्ने । यहाँ लक्ष-होम, कोटिहोम, अयुतहोम । अभिषेक दिने । मूल इन्द्रकलश, सद्य:कलश, विवाहको मूल वरुणकलश, तीर्थाभिषेक, तीर्थजात्रा जाँदाखेरिको आदित्यकलश, महाबलि, ग्रहयज्ञ गर्दाखेरिको, अभिषेक । यज्ञको भएपछि खुह्लद्वमा । काठमाडौँको भएपछि टेखुदोभानमा । पाटनको भएपछि शङ्खमूलमा । ठूलठूला मानिसहरूले यज्ञ गरेपछि श्रीश्री-

१. यहाँ बाजाहरूको परिचय वि.सं. २०३७ मा काठमाडौँबाट नेपाल रिसर्च सेन्टरद्वारा र वीसबादेनबाट कोमिस्योन्ज्-फेरलाग फ्रन्स स्टाइनरद्वारा प्रकाशित जर्नल् अफ् द नेपाल् रिसर्च् सेन्टर् ( नेपाल अन्वेषणकेन्द्रको पत्रिका )-को ४ भागका ६७–१३२ पृष्ठमा छापिएको सिग्रुन बीलर–स्नाइदर र हार्मुत बीलरको ए क्लासिफिकेशन् अफ् द ट्रडिशनल् म्यूजिकल् इन्स्ट्रुमन्ट्स् अफ् नेवार्ज् ( नेवारहरूका परम्परागत बाजाहरूको वर्गीकरण ) भन्ने निबन्धको आधारमा दिइएको छ ।

राजा सवारी हुनुपर्छ । श्रीपशुपतिमा पूजा पठाउने । श्रीचाँगुमा पूजा पठाउने । श्रीराता मछिन्द्रमा पूजा पठाउने । आफ्ना ईश्वरीमा चाहिने जति पूजा पठाउने । श्रीब्राह्मणज्यूहरूले सहस्रशीर्षा[२] पाठ गर्ने, यसपछि षडङ्ग[३] पाठ गर्ने, यसपछि संहिता[४] पाठ गर्ने । जोशीले मृत्युञ्जयस्तोत्र पाठ गर्ने । आचार्यले ग्रहस्तोत्र आदि पाठ गर्ने । चाहिने जति शास्त्र पाठ गर्ने । देवदेवीहरूलाई चाहिने जति बलि पठाउने । हेर्न आएका जतिले जुहाएर फर्कने । श्रीब्राह्मणज्यूले श्रीराजालाई वस्त्र दिने, सगुन दिने । जोशी, आचार्य, प्रधान भलादमी, असल आइमाईहरूले, देशका सकल दुनियाँहरूले, सबै पूजारीहरूले दक्षिणा दिनुपर्ने । ... दिने । खुवाउने ।

अभिषेककर्मविधि सिद्धियो । शुभ ।

ने. सं. ८०५ ( वि. सं. १७४१ ) मङ्सीर ।

❀

# भक्तपुर पुजारी मठका विश्वेश्वर महादेवसम्बन्धी ताम्रपत्र

–महेशराज पन्त

राष्ट्रिय अभिलेखालयमा माइक्रोफिल्मसङ्ख्या ई ५४७ / १ र २ मा दुइटा ताम्रपत्रका प्रतिलिपि छन् । यी दुइ ताम्रपत्रका बेहोरा प्रायः एकनासका छन् । यसैले यी दुइ ताम्रपत्रको पाठ भिन्नाभिन्नै छाप्नुभन्दा एउटाको नाउँ क र अर्कोको नाउँ ख राखी पाठभेद जति टिप्पणीमा दिनु ठीक लागेकोले यसै गरिएको छ ।

दुवै ताम्रपत्रका दायाँ बायाँ छेउमा सूर्य चन्द्र, बीचमा रणजित् मल्लको ने. सं. ८४६ को मोहरका दुवैपट्टिका छाप, मोहरका छापको बीचमा मुकुटसहितको कमलासन त्रिशूल छ ।

क ताम्रपत्रमा १७. ३ अङ्गुललम्बा, ११ अङ्गुल चौडा भागमा अभिलेख कुँदिएको छ र १६ पङ्क्ति छन् । खमा चाहिँ १६ अङ्गुल लम्बा, ११ अङ्गुल चौडा भागमा अभिलेख कुँदिएको छ र १८ पङ्क्ति छन् ।

यहाँ क ताम्रपत्रको पङ्क्तिको सङ्ख्या बुझाउन सङ्ख्यालाई ( ) भित्र र खको पङ्क्तिको सङ्ख्या बुझाउन सङ्ख्यालाई [ ] भित्र राखिएको छ ।

२. वाजसनेयिसंहिताको ३१ अध्यायमा जम्मा २२ मन्त्र छन् । ती २२ मन्त्र पुरुषसूक्तको नाउँले प्रसिद्ध छन् । सबभन्दा पहिलो मन्त्रको सबभन्दा पहिलो पद सहस्रशीर्षा भएकोले यहाँ सहस्रशीर्षा भनेको हो ।

३. शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्दस्, ज्यौतिष ।

४. ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद ।

## मूलपाठ

(१) [१] ❀ श्री ३ विश्वनाथाय[१] नमः ॥
चतुर्भुजं पद्मपलाशलोचनं[२] शंखाब्जचक्रं सगदं दधानं ।[३]
नमामि दत्तं सुरवृन्दवन्दितं[४] [२] महावधूतं करुणा-
(२) लयं प्रभुं ॥
रसजलनिधिनागैर्यातनेपालवर्षे हरितिथिशुचिमासे शुक्लपक्षे बुधे च ।
भिमल[३]गिरिरदाद्व शंभुतोषाय[५] भूमिं भुजश-
(३) रमितरोपण्युत्तमामन्नदानात् ॥
ॐ अद्य वराहकल्पे[६] वैवश्वतमन्वन्तरे[७] [४] कलियुगे[८] भरतखण्डे[९] हिमवद्दक्षिणपादे
नेपालदेशे[१०]
(४) श्री ३ पशुपतिसन्निधाने वासुकीक्षेत्रे[११] वाङ्मत्या पूर्व्व[५]कूले[१२] श्रीभक्तपट्टने आर्य्या-
वर्त्तदेशे इहैव पुण्यभूमौ ॥ ॐ अद्य आषाढमासे
(५) शुक्लपक्षे[१३] एकादशीपरद्वादश्या[६]न्तिथौ[१४] अनुराढ[१५]नक्षेत्रे[१६] शुक्लयोगे[१७] यथा-
करणमुहूर्त्तके बुधवासरे[१८] मिथुनराशिगते सवितरि वृश्चिक[१९]रा-
(६) शि[७]गते चन्द्रमसि[२०] ॥ एवंविशेषेण[२१] विशिष्टतरे महापर्व्वणि[२२] हरिवासरे[२३]
श्री ३ विश्वेश्वरप्रीतये[२४] ज्ञाननाथी भिमलगि[८]र्य्यभिधानोऽहं नाना-
(७) देशादागतेभ्यो दशनामधेयभ्यः श्री ३ दत्तदेवस्य[२५] वायुव्यविदिशि संस्थं गृहं[२६] द्विपं-
चाशद्रो[९]पणीपरिमितां भूमिं समर्प्पयिष्ये[२७] ॥
(८) अथ नेपालभाषा[२८]॥ स्वस्ति[२९] श्रीश्रीजयरणजित्[३०]मल्लदेवप्रभुठाकुरस[३१] बिजयरा[१०]-
ज्यस दयालगिरियात[३२] ताम्रपत्र चोस्यं प्रसन्न
(९) जुया जुलो ॥ ज्ञाननाथी दयालगिरि[३३] गुसायिन[३४] श्री ३ विश्वनाथ[३५][१०]प्रीतिन
तवचपाललाच्छिन उत्तर दोखे च्छे[३६] बु रोव ५२ व बलदे-

---

१. ख– विश्वेश्वराय २. क– °लोचनं ३. ख– दधानं । ४. ख– वन्दितं ५. ख– शंभु तोषाय
६. क–°कल्पे ७. ख–°मन्वन्तरे ८. क–°युगे ९. क– खण्डे १०. क–°देशे ११. ख–°च्चत्रे १२. ख–°कुले
१३. क– °पच्चे १४. ख– °द्वादश्यां तिथौ १५. ख– अनुराध्रा° १६. क–°नच्चेत्रे १७. ख– शुक्रयोगे १८. कमा
बुधवासरे छैन १९. ख– तुला° २०. क– चंद्रमसि ॥ २१. क– °विशेषेन २२. क– °पर्व्वणि २३. क– °वासरे
२४. क– विश्वेरप्रीतये २५. क– °देवस्य २६. क– गृहं २७. क– समर्प्पयिष्ये २८. क– °भाखा ॥ २९. खमा
स्वस्ति छैन । ३०. क– रणजित ३१. ख– °थाकुलस ३२. ख–भिमलगिरियाता ३३. ख– भिमल्लमल्लगिरि
३४. क–गुसायिन ३५. ख– विश्वेश्वर° ३६. क–°लाच्छि उत्तर दोच्छे

(१०) व बुच्छलिसं चोङ बुन मथ दयका जुलो ॥ थ्व बुया बलसान[१२]न दशनाम सन्यासी [३७] वव दकोस्ता [३८] ह्यान प्र १[३९] जाके के अस्ता १ मास कल-

(११) सुल[४०] दवगुलि चि थ्वते बिय मथस चिता याक[४१] [१३] सन्यासी नेह्मासेन[४२] थ्व वस्तु नय थ्वते हाङान लेङ दकोन[४३] बुखियकेमाल [४४] थ्व मथ [४५] दया-

(१२) ल[४६]गिरिया वंश दतोले मेवन आ[१४] सा दलपे[४७] मदु वंश मदयाव वनसां [४८] ज्ञान-नाथीयतां[४९] बियमाल[५०] मेव मेव[५१] पंथायीन विचार यात-

(१३) के मदु थ्व दत्तस श्रीश्री[१५]राजा [५२] परमान पंच दशनामन [५३] विचार यातके-माल विचार[५४] याकह्मस्ता गंगास्नानया फल लोभन कांचिगल थाङाव सा-

(१४) नसा [५५] पंचमहापातक अत्र[५६] पत्रार्थ दृष्टसाक्षी [५७] चन्द्र सूर्य्य दिन रात्रि परमान यज्ञनारायण बालकृष्ण धर्व्वाशरण [५८] [१७] तेकर्नसिंह [५९]

(१५) अनिरुद्ध हेर्रसिंह[६०] ॥ श्रीशकाब्द[६१] १६४८ विक्रमाब्द १७८३ कलिगताब्द ४८२७ नेपाल-सम्वत्[६२] ८४६ [१८] आषाढशुदि[६३] १२ ॥[६४]

स्वदत्तां पर-

(१६) दत्तां वा यो हरेच्च[६५] वसुंधरां।[६६]

षष्ठि[६७]वर्षसहस्त्राणि[६८] विष्ठायां जायते कृमिः ॥[६९]

शुभमस्तु ॥ ॥[७०]

## उल्था

श्री ३ विश्वनाथ (खमा–विश्वेश्वर) लाई नमस्कार।

चार हात भएका, कमलको पात जस्ता आँखा भएका, शङ्ख चक्र गदा पद्म लिएका, देवताहरूले ढोगिएका, ठूला अवधूत, दयाका घर, प्रभु दत्तलाई नमस्कार गर्छु।

---

३७. ख– संन्यासि ३८. ख– दक्वस्ता ३९. ख– पल २ ४०. ख– कलसुर ४१. ख– पाक
४२. ख– संन्यासि नेह्मसेन ४३. ख– दक्वन ४४. क– यकेमाल ४५. ख–मथ ४६. ख– भिमल
४७. ख– दरपे ४८. ख– वनसा ४९. ख– बडाज्ञाननाथी यातां बडा छेउमा थपिएको छ। ५०. क– बियमाल
५१. खमा मेव एउटा मात्र छ। ५२. क– राजा ५३. क– दशनामनं ५४. खमा विचार छैन।
५५. कमा थाङाव सानसाको सट्टा थानसा मात्र छ। ५६. खमा अत्र छैन। ५७. क– °साचि
५८. ख– धर्व्वाशरण ५९. क– तेकर्नसिंह ६०. क– हेलसिंह ६१. ख– शाकाब्द ६२. क–°संम्वत
६३. ख–आषाध° ६४. ख– १२ ६५. ख– हरेच्चं ६६. ख– वसुवरां। ६७. क–षष्ठि°
६८. ख– °सहस्राणि ६९. क– कृमि॥ ७०. ख– शुभमस्तु॥

ने. सं. ८४६ ( वि. सं. १७८३ ) आषाढशुक्ल द्वादशी बुधवारको दिन भिमल गिरिले अन्नको दानबाट महादेवलाई खुशी पार्न बाउन्न रोपनी असल जग्गा दिनुभयो ।

ॐ आज वराहकल्पमा, वैवस्वतमन्वन्तरमा, कलियुगमा, भरतखण्डमा, हिमालयको दक्षिणमा रहेको पहाडमा, नेपाल देशमा, श्री ३ पशुपतिको नजीकै, वासुकिक्षेत्रमा, वाग्वतीको पूर्व किनारमा, श्रीभक्तपट्टनमा, आर्यावर्त-देशमा यही नै पुण्यभूमिमा । ॐ आज आषाढ महीनामा, शुक्लपक्षमा, एकादशी उप्रान्त द्वादशी तिथिमा, अनुराधा-नक्षत्रमा, शुक्लयोगमा, पर्नु पर्ने करण र मुहूर्त परेको बेलामा, बुधवारमा, मिथुन राशिमा सूर्य गएमा, वृश्चिक (खमा–तुला ) राशिमा चन्द्रमा गएमा, यस्तो विशेष कुराले बढी विशिष्ट भएको महापर्वमा, द्वादशीमा श्री ३ विश्वेश्वरको प्रीतिको लागि ज्ञाननाथी भिमलगिरि नाउँ भएको म ठाउँठाउँबाट आएका दशनामीहरूलाई श्री ३ दत्तदेवको वायव्य ( उत्तर–पश्चिम ) विदिशामा रहेको घर[र] बाउन्न रोपनी जग्गा चढाउनेछु ।

अब नेवारी भाषा ।

स्वस्ति श्रीश्रीजयरणजित् मल्लदेव प्रभु ठाकुरको विजयराज्यमा । दयाल गिरि [खमा–भिमल गिरि] लाई ताम्रपत्र लेखेर प्रसन्न हुनुभयो । ज्ञाननाथी दयाल[खमा–भिमलमल्ल] गिरि गुसाईंले श्री ३ विश्वनाथ [खमा–विश्वेश्वर] को प्रीतिले तवचपाल ( तचपाल) को सडकदेखि उत्तरको दोलेच्छे, खेत ५२ रोपनी र बलदेव बुच्छलिमा रहेको जग्गामा मठ बनायो । यस खेतको आयस्ताबाट दशनामी संन्यासी आए जति सबैलाई १ [खमा– २] पाउ चामल, दाल १ छटाक मास, केराउको दाल, दही, नून यति दिने । मठको हेरविचार गर्ने दुइजना संन्यासीले यी वस्तु खाने । यसमा भनेकोभन्दा बढी कुरा जति...लानुपर्छ । यो मठ दयाल [खमा–भिमल] गिरिको वंश भएसम्म अरूले आशा गर्नु हुँदैन । वंश ह्रासिएर गयो भने ज्ञाननाथी [खमा– बडा ज्ञाननाथी]लाई दिनुपर्छ । अरू अरू पन्थकाहरू-बाट विचार गराउनु हुँदैन । यस दानको श्रीश्रीराज, परमान, पञ्च, दशनामीहरूबाट बिचार गराउपर्छ । विचार गर्नेलाई गङ्गास्नानको फल । लोभले खिचोला उठायो भने पञ्चमहापातक । यस पत्रको बेहोरामा दृष्टसाक्षी–चन्द्र, सूर्य, दिन, रात्रि, परमान, यज्ञनारायण, बालकृष्ण, धर्व्वाशरण, तेकर्नसिंह, अनिरुद्ध, हेरसिंह । श्रीशकसंवत् १६४८, विक्रमसंवत् १७८३, कलिगतसंवत् ४८२७, नेपालसंवत् ८४६ आषाढशुदि १२ ।

आफूले दिएको वा अरूले दिएको जग्गा जसले हर्छ, [त्यो] साठी हजार वर्ष गुहुमा कीरा हुन्छ । कल्याण होस् ।

( क्रमागत )

# श्री ५ पृथ्वीनारायण शाहको उपदेशको व्याख्यात्मक संस्कृतपद्यानुवाद

— नयराज पन्त

## लम्जुङ्‌ेशेन सह सन्धिः

### मूलपाठ :

लम्‌जुंग्या राजा रिपुमर्दन्‌ साहसित भेट गर्न भनि गया र चेपेघाटमा भेट भयो र घाहाथ(घ)रेसका बात गर्दा जौना कुराले घाहा बाधुला भंने जढ कुरो मेरा पेटमा थियो. सोहि जढ कुरो कालुपाडेले गन्यो र घाहा बलियो बस्यो र.

### संस्कृतच्छाया

लम्‌जुङ्‌राजेन रिपुमर्दनशाहेन सह संगन्तुम्‌ अहम्‌ अगच्छम्‌ । आवयोश्‌ चम्पावत्यास्‌ तीर्थे समागमो ऽभवत्‌ । सन्धिविषयकायां वार्तायां प्रचलन्त्यां येन मुख्येन विषयेण पणबन्धं कुर्याम्‌ इति मम मनस्यासीत्‌ तम्‌ एव मुख्यं विषयं कालुपाँडेर्‌ अकथयत्‌ । दृढः सन्धिश्‌ चा ऽभवत्‌ ।

### पद्यमयी व्याख्या

सुदृशो नहि गोरखावनावभवलँ लम्‌जुङ्‌देशशासकाः ।
रिपुमर्दनशाहभूपतिर्‌ न बिभर्ति स्म ममा ऽनुकूलताम्‌ ॥५१॥
मातृभ्रातुर्‌ वचः स्वे मनसि निदधतो मे विचारे तदानीं
सन्धातव्याम्‌ अवस्थाम्‌ अभजत बिषया ऽनन्तरो लमुजुङेशः ।

चम्पावत्याः स्रवन्त्यास् तटभुवि समगां लम्जुङ्गेशेन साकं,
कालूपाँडेः सभायां कुशलमतिरभूद् अस्मदीयो ऽधिवक्ता ।।५२।।
आसीत् सीमाविवादः सविधवसतिना कास्किना लम्जुङस्य,
सीम्नो हेतोर् युयुत्सुः प्रचुरभटगणं लम्जुङो वाञ्छति स्म ।
संगन्तुं तत्र युद्धे सह निजसुभटैर् लम्जुङ्गेशस्य हेतोः
कृत्वा सत्यां प्रतिज्ञां निजहृदयकथां गोरखाः स्म ब्रवीति ।।५३।।
प्राच्यां शूलोद्भवाया अभिलषति महीं गोरखाः स्तोकमात्रां,
कार्यस्या ऽस्य प्रसिद्धौ लषति च सखितां गोरखा लम्जुङस्य ।
तच् श्रुत्वा लम्जुङो ऽख्याद्, भजतु सफलतां गोरखा ईप्सिता ऽर्थे
यावत् सिन्धुप्रदेशं स जयतु च, यथाशक्ति कुर्मः सखित्वम् ।।५४।।
सन्धित्सोर् मानसे मे कृतपदमभवद् यादृशं वाक्यजातं,
कालूपाँडेः स्वबुद्ध्या परिषदि वचसा तादृशा लम्जुङ्गेशम् ।
कृत्वा तुष्टा ऽन्तरङ्गं दृढतरघटितं सन्धिपत्रं व्यधत्त,
पार्ष्णिग्राहोत्थशङ्का ऽभजदिव विलयं येन मे प्राग् यियासोः ।।५५।।

## कालुपाँडेर् मन्त्रित्वम्

### मूलपाठ :

मलाई आसर्जे लाग्यो र तर मलाई ता रिझायो . दुनिञा जस्देषी राजि रहन्छन् . उसैलाई काजाई दिनु भन्ने सास्त्रमा पनि कहेको छ . दुनिञामा बुझिहेरुं भनि बुझिहेर्दा दुनिञांबाट पनि कालुपाडेको चाहा रहेछ र कालुपाडेलाई कजाई दिनुभया हामी दुनिञांदारमा छाहारि रहंदो हो भन्न्या सल्लाहा दिया र अब बाईसि चौबिसिले क्या भन्छन् भनि बुझ्नुहुदा बाईसि चौबिसिबाट पनि कालुपाडेकै चहा रहेछ र कालुपाडेलाई कजाञि भया घाहाघराईस् बलियो राषन्यैछ भन्ने सल्लाहा दिया . मेरा मनमा ता बिराजबषेतिलाइ कजाई दिन आटेको थियो . तर ज्याधा बुद्धी कालुपांडेकै ठहन्यो र कालुपाडेलाई कजाञि भयाको हो .

### संस्कृतच्छाया

अहं विस्मेरचेता अभवम् । कालुपाँडेर् माम् अरञ्जयत् । परं प्रजाभ्यो यो रोचते स एव मन्त्री कार्य

इति शास्त्रवचो ऽपि वर्तते । अतः प्रजानां भावो ऽपि ज्ञातव्य इति प्रजानां भावे ज्ञायमाने कालुपाँडेः प्रजाभ्यो ऽपि रोचत इति ज्ञातम् । कालुपाँडेकाय भवान् मन्त्रितां ददयाच् चेद् वयं सुखिताः स्यामेति प्रजा अकथयन् । अतः परं कर्णालीनीरसिक्तां गण्डकीनीरसिक्तां च भूमिं प्रशासतां राज्ञां भावो ज्ञातव्य इति तेषां भावे ज्ञायमाने तेभ्यो ऽपि कालुपाँडेर् एव रोचते स्म । कालुपाँडेर् मन्त्री स्याच् चेत् सन्धिर् दृढः स्याद् इति ते ऽकथयन् । बिराजबखेती मन्त्री स्याद् इति मम मनसि भाव आसीत् । परं कालुपाँडेर् बुद्धिर् महीयसी दृश्यते स्म । अतः कालुपाँडेकाय मन्त्रिताम् अददाम् ।

पद्यमयी व्याख्या

कालूपाँडेः स्वबुद्ध्या व्यधित मम मनो विस्मितं प्रीणितं च,
तस्मै मुख्या ऽधिकारं सचिवपदगतं दातुमिच्छा ऽभवद् मे ।
यो रोचेत प्रजाभ्यः सचिवपदगतं तं नृपालो विदध्याद्,
इत्युक्तिः शास्त्रजा तु व्यधित जनमनोबोधने कौतुकं मे ।।५६।।

व्यधित = अकरोत्

कालूपाँडेः सुखे नो ऽनुभवति सुखितां दुःखिताम् एति दुःखे,
तस्मिन् साचिव्यभाजि प्रवहतु नितरां नो गृहे सौख्यधारा ।
इत्याकारे विचारे प्रकृतिहृदयगे श्रोत्रयुग्मेन पीते
कर्णाली–गण्डकीस्थक्षितिपचयमनो बोद्धुमिच्छा ममा ऽभूत् ।।५७।।

कालुर् मैत्रः प्रकृत्या पटुतरधिषणो वर्तते दूरदर्शी,
मुख्यं मन्त्रा ऽधिकारं स भजतु, भवतु स्थायिनी मित्रता नः ।
कर्णाली–गण्डकीभ्याम् उपहृतसलिलाञ् शासतां भूमिभागान्
पाश्चात्यानां नृपाणाम् इति हृदयकथा मामकं कर्णमागात् ।।५८।।

सर्वथा ऽस्ति शुभभक्तिसमेतो भूपतौ मयि बिराजबखेतो ।
मन्त्रितां स लभताम्, इति भावो मामकं हृदयमावसति स्म ।।५९।।

हित्वा पूर्वा ऽऽग्रहं स्वं बलवदकरवं योग्यतायाः परीक्षां,
कालूपाँडेः परीक्षाविधिषु विजयितां सर्वदा सेवते स्म ।
आत्मा ऽभीष्टं विहाय प्रकृतिजनमनो ऽभीष्टमाधातुकामः
कालुं स्वं मन्त्रिमुख्यं विधिवदकरवं राष्ट्रकल्याणहेतोः ।।६०।।

बलवत् = अतिशयम्

## पाँडे–बस्न्यातसम्बन्ध :

### मूलपाठ :

अव पाडे बस्न्यात्को जुग बाधिदिछु . तेरि छोरि सिबराम बस्न्यात्को छोरो केहेसिंह बस्न्यात्लाई देउ भनि मागि विहे पनि गरिदिजो र पाडे बस्न्यात्को जुग बाधि पाडेको ढाल् बस्न्यात्को तरवार गरि नेपालमा चढाइ गर्याको हो ॥

### संस्कृतच्छाया

अथ पाँडे–बस्न्यातकुले युञ्ज इति शिवरामसिंहबस्न्यातस्य पुत्राय केहेरसिंहबस्न्याताय तव पुत्रीं देहीति कालुपाँडेकं नियुज्य बस्न्यातपाँडेकुलजयोर् वरबध्वोर् विवाहम् अहं स्वयम् अकारयम् । इति पाँडे–बस्न्यातकुले युक्त्वा पाँडेकुलस्य चर्मणा बस्न्यातकुलस्य खड्गेन च नेपालद्रोणीम् अभ्यद्रवम् ।

### पद्यमयी व्याख्या

कालुस् तनूजाम् उपयाम्योग्यां विचिन्त्य चिन्तां भजते स्म किञ्चित् ।
केहेरसिंहः शिवरामपुत्रो दारक्रियायोग्यदशाम् अलब्ध ॥६१॥
उक्तौ कन्याकुमारौ परिणयविधिना योजयित्वा ऽहमादौ
पाँडेबस्न्यातवंशौ प्रथितमतिबलौ सख्यभाजावकार्षम् ।
पाँडेवंश्याः स्वबुद्ध्या निजजनपदजं साधु सम्पाद्य कार्यं
हृत्वा शत्रुप्रयोगान् व्यधिषत सुफलैर् अन्वितां बाह्यनीतिम् ॥६२॥
शूरा बस्न्यातवंश्याः प्रथितभटगुणान् आयुधीयान् विचित्य
सङ्ग्रामे तान् विनीय व्यधिषत सुबलां वाहिनीं गोरखीयाम् ।
नीत्या पाँडे ऽन्वयानां रणकुशलतया शूरबस्न्यायितानां
नेपालद्रोणिसंस्थं त्रितयमपि पुरं जेतुमीशा अभूम ॥६३॥

## सल्ल्यानकोटस्थाया देव्या उपासना

### मूलपाठ :

उप्रान्त ॥ रणजित् बस्न्यात् मानसिं रोकाहा बिरभद्र पाठक् इनलाई गौटान्को बिराई लिग्लीग्को आउ(ड)-मा राषी मं पनि सल्ल्यान्कोट्‌कि देवी साछ्यात छन भनि भन्छन्. म पनि सायेत गरि जान्छु भनि बिदा गराया र

सायेत गरि म पनि गर्नु र बारिमा थर्पु पर्‍यो र सल्ल्यानिको थरघर बराहा उमराउहरूसित सुध्याजा. माईको दर्सन् गर्नु हुन्छ की भन्दा भित्र दर्सण पुजाहारि टहलुवालाई मात्रै भित्र दर्सन गर्नु हुन्छ. जो हुकुम् भन्या र ढोकामा ता हुन्छ कि भन्दा ढोकामा ता हुन्छ भन्या र साज बिह्यान ढोकासम्म जाई पाठपुजा जप् दर्सन् गर्थ्या र यक दिनका रातमा सोपना भयो र दुई हातमा दुई षड्ग लियाकी सात-आठ वर्षकी कन्न्या कुसुमे पछिउराको घुगुटि पारि मछेउ आइन् र मैले सोध्याजं. तिमि कस्की छोरि हौ भनि मैले भन्दा पुजाहारि रानाकि छोरि हुं भनिन् र उ दुवै षड्ग मेरा हातमा दिन् र आरसि प्रमानको लाल टल्बल् गर्थ्यो. षोकीलाबाट झिकी मेरा मुषसम्ममा ल्याई यो पनि निल् भनिन् र तम्रो मनकान्छ्या पुर्‍याईदियाको छ. म पनि केही माग्छु". थपि जाउ भनि जसै दुई पाईला गैथिन्. उसै बेलामा मं पनि बिम्झ्यौं र भानु जैसि कुलानन्द जैसि पुजाहारि रानालाई डाक्या र सुध्याजा. जैसिले पनि पुजाहारिले पनि ति माई हुन्. दर्सन पाउनुभयछ भने र उसै बेलामा धुप दिप धजा नैबेदे नित्यपुजालाई सात रांगा सात बोका थपि बोर्लांघाटको आम्दानी र घाटैछेउको टार माईलाई संकल्प गरिदिजा र उसै घरिको सायेत गरि

## संस्कृतच्छाया

लिगलिगविषये गौटाङनाम्नि नवशोधिते भूभागे रचिते दुर्गे बस्न्यातोपनामकं रणजितं रोकाह्नोपनामकं मानसिंहं पाठकोपनामकं वीरभद्रं च न्ययोजयं सुमुहूर्ते व्यसर्जयं च। सल्ल्यानकोटस्था देवी प्रत्यक्षफलदेति प्रायोवादो वर्तते। अहम् अपि तां सेविष्य इति सुमुहूर्ते गृहाद् निरगच्छम्। तत्र प्राप्या ऽहम् उद्याने नवरचिते पर्णगृहे न्यवसम्। सल्ल्यानकोटस्थान् मौलान् अन्तपालं च देव्या मन्दिरस्या ऽन्तर् दर्शनाय पर्यपृच्छम्। मन्दिरस्यान्तः पूजकः शोधकश् चैव प्रवेष्टुम् अर्हतः, यद् आदिशति देव इति ते ऽब्रुवन्। द्वारप्रदेशपर्यन्तं गन्तुम् अहम् अपि अर्हामीति मयि पृच्छति ते ऽन्वमन्यन्त। प्रत्यहं सायं प्रातश् च देवीमन्दिरद्वारं गत्वा स्तोत्रं पाठं पूजां जपं दर्शनं चा ऽकवरम्। कस्याञ्चन रात्रौ स्वप्ने हस्तयुग्मे खड्गयुग्मं दधती कौसुम्भं सावगुण्ठं वस्त्रं परिदधती सप्ता ऽष्टवर्षा काचन कन्या मया ऽदृश्यत।

बाले त्वं कस्य पुत्रीति मयि पृच्छति रानावंशस्य पूजकस्या ऽहं पुत्रीति सा माम् अकथयत्। सास्वकीयं खड्ग-युग्मं मह्यं मे हस्तयोर् अददात्। आदर्शवद् दद्योतमानं किञ्चिद् रक्तं वस्तु वस्त्रच्छद्मात् स्वकुचेर् बहिः कृत्वा मम मुखम् उपानीय त्वम् एतद् निगिर, तव मनोरथो मया पूरितः, अहम् अपि किञ्चिद् याचे, किञ्चिद् वर्द्धयित्वा गच्छेति सा मां कथयित्वा यावद् अचलत् तावद् मम स्वप्नभङ्गो ऽभवत्। ज्योतिर्विदौ भानु-कुलानन्दौ रानावंश्यं देवपूजकं चा ऽहूय पर्यपृच्छम्। सा देवी दिष्टचा देवस्य दर्शनपथम् आगतेति ते ऽब्रुवन्। धूप-दीप-ध्वज-नैवेद्यसमेताया नित्यपूजायास् तथा सप्तच्छागबलि-सप्तमहिषबलिसमेताया विशेषपूजायाश् च कृते बोर्लाङतीर्थजातम् आतरं तत्तीर्थसमीपस्थम् असेतुबन्धं क्षेत्रं च सङ्कल्पपूर्वकं भगवत्यै तस्मिन् काले समर्पयम्। तस्मिन् काल एव सुमुहूर्ते ततः प्राचलं च।

## पद्यमयी व्याख्या

देव्याः सल्ल्यानकोटे विरचितवसतेर् भक्तकामप्रदाया
रामा ऽदर्यैः पूर्वभूपैर् निजकुलजनिभिः सिद्धये सेवितायाः।

श्रुत्वा श्रुत्वा ऽवदानं परिचरितुमनास् ताम् अहं सिद्धिहेतोस्
तस्या देव्याः समीपं जिगमिषुरभवं भक्तिपूता ऽन्तरात्मा ।।६४।।

सीमायां पश्चिमायां समुचितविधिना साधु गोपायितायां
सत्याम् एव प्रयाणं शतमखककुभि स्याच् शुभायेति मत्वा ।
चम्पावत्याः स्रवन्त्यास् तटनिकटगते नूत्नकेदारदेशे
सीमायां पश्चिमायां लिगलिगविषये साधु दुर्गाणि कृत्वा ।।६५।।

गोपायितायाम् = रचितायाम्

शतमखककुभि = पूर्वस्याम्

केदारः = क्षेत्रम्

सीमात्राणं विधातुं प्रथितमतिबलाञ् शोधितान् दुर्गपांस् त्रीन्
पूर्वान् मत्वा समर्थाञ् शुभतरदिवसे प्रेषयामि स्म तत्र ।
देवीं सल्ल्यानवासां परिचरितुमनाः सद्मुहूर्ते स्वगेहात्
प्रायां, देव्याः समीपाम् उपवनरचितां पर्णशालां श्रये स्म ।।६६।।

मौलाः सल्ल्यानभाजो बलपतिरपि मे स्वागतं कर्तुकामा
आयान्, प्रावोचमम्बापरिचरणविधौ लालसां तान् स्वकीयाम् ।
भक्त्या पादौ भवान्या अवनतशिरसा स्वेन संपीड्य नन्तुं
वाञ्छां चित्ते लसन्तीं कथयति मयि ते सज्जना अब्रुवन् माम् ।।६७।।

बलपतिः = सेनापतिः

देव्याः स्पर्शं विधातुं प्रभवति नियतः पूजकः शोधकश् च,
तां द्रष्टुं द्वारदेशात् प्रभवति मनुजो भक्तिपूजान्तरात्मा ।
राजन्नेषा व्यवस्था गुरुजनमहिता कालिकी राजते ऽत्र,
सत्या विज्ञप्तिरेषा, समुचितकरणे देव एवं प्रमाणम् ।।६८।।

कालिकी = प्रकृष्टो दीर्घः कालो ऽस्याः

सायं प्रातश् च नित्यं त्रिभुवनजननीद्वारमाप्त्वा नमस् तां
तस्याः स्तोत्रस्य पाठं जपमपि विदधद् यापयन् कालमासम् ।

पर्णा ऽगारे स्वकीये निशि शयनसुखं सेवमानस्य जातु
स्वप्ने सप्ता ऽष्टवर्षा मम नयनपथं बालिका काचना ऽगात् ।।६९।।
बिभ्राणा खड्गयुग्मं निजकरयुगले संवसानोत्तरीयं
कौसुम्भं सा ऽवगुण्ठं मम निकटमियं कन्यका ऽऽगच्छति स्म ।
बाले त्वं कस्य पुत्री, मम वचनमिदं सन्निशम्या ऽब्रवीत् सा,
रानावंशस्य शाहा ऽन्वयधरणिपते देवलस्या ।ऽत्मजा ऽ।हम् ।।७०।।
मह्यं सा कन्यका ऽ।दाद् निजमसियुगलं हस्तयुग्मे मदीये,
वस्त्रच्छन्नात् स्वकुक्षेर् बहिरकुरुत सा ऽऽदर्शवद् द्योतमानम् ।
शोणं कञ्चित् पदार्थं, मम वदनमुपानीय तं सा न्यगादीद्,
राजन्नेतं पदार्थं निगिर, मम गिरा पूर्णकामस् त्वमेधि ।।७१।।

एधि = भव

याचे मह्यं च किञ्चित् समुचितविधिना वर्धयित्वा व्रज त्वम्,
इत्युक्त्वा सा प्रयाणं व्यधित च सपदि स्वप्नभङ्गो ममा ऽभूत् ।
आहूय स्वे निवासे निजगणकयुगं देवतापूजकं च
वृत्तान्तं स्वप्नदृष्टं न्यगदमथ फलं तद्भवं पर्यपृच्छम् ।।७२।।
ते ऽवोचन् सैव देवी त्रिभुवनजननी वाञ्छितार्थप्रदात्री
दिष्ट्या देव त्वदीयं नयनपथमगात्, वर्धसे श्रेयसेति ।
जाग्रद्दीपा सुधूपा ध्वज-बलिलसिता गन्धयुक्ता सुभोज्या
शास्त्रोक्ता पूरिता स्यात् त्रिभुवनजननीमन्दिरे नित्यपूजा ।।७३।।

अगात् = अगमत्

देव्याः पूजा विशेषा विलसतु बलिभिः सैरिभैः सप्त७सङ्ख्यैस्,
तत्सङ्ख्यैः सा सपर्या छगलकबलिभिश् चा ऽस्तु संपूरितेति ।
वृद्धाया गण्डिकायास् तटनिकटगतां मेदिनीम आतरं च
जातं बोर्लाङतीर्थात् सपदि सहविधि स्वर्शयामि स्म देव्यै ।।७४।।

सैरिभः = महिषः

छगलकः = छागः

आतरः = तरपण्यम्

बोलाङ्तीर्थात् = बोलाङघट्टात्

स्पर्शयामि स्म = अददाम्

## सिमलचहुरे निवासः

### मूलपाठः

रातदिन गरि सरासरी आया र सिमल्चौर चौतारामा थर्पु हालि बस्याको थीजा. दावा भन्या नुहाकोटको बहना भन्या षिच्यात्को कुलो काटि षेत बिराउनाको गरि राष्याथ्या. बेत्रावतिका बेनि इन्द्रायेनिका थानमा डुङ्गा तरि जप पाठलाई जांथ्या. ध्यान भन्या सल्ल्यान्कोट्कि देवीको र ईन्द्रायनि भैरवीको गर्थ्या.

### संस्कृतच्छाया

रात्रिन्दिवं प्रचलन् सिमलचहुरं प्राप्नवम् । तत्र कस्याञ्चन वेद्यां पर्णशालां विरचय्य न्यवसम् । नुवाकोटं जेतुकामः खिञ्च्याते सेतुबन्धं विरचय्य वन्ध्यां भूमिं कृषियोग्यतां निनीषुर् अस्मीति व्याजम् अकरवम् । त्रिशूलीवेत्रावत्योः संभेदे वसन्त्या इन्द्राण्याः प्रासादम् उडुपेन नदीं तीर्त्वा गत्वा जपं स्तोत्रपाठं पूजां चाऽकरवम् । सल्ल्यानकोटस्थाया देव्या इन्द्राण्या भैरव्याश् च ध्यानम् अकरवम् ।

### पद्यमयी व्याख्या

तत्काले सद्मुहूर्ते प्रचलितचरणो वेगदीर्घीकृताऽङ्गः
प्राचीप्रक्षिप्तचक्षुः सिमलचहुरजं पर्णसद्माऽहमापम् ।
पूर्वेषां नो जिगीषाऽलभत सफलतां नो नुवाकोटदुर्गे,
तां पूर्णां कर्तुकामः सिमलचहुरजे पर्णगेहे न्यवात्सम् ।।७५।।
खिञ्च्याते सेतुबन्धं विरचयितुमथो सेतुना तेन वन्ध्यं
भूखण्डं क्षेत्ररूपे विपरिणमयितुं वासमत्राऽचरामि ।
व्याजेनाऽनेन मल्लक्षितिपतिमनुजान् मोहयन्, साधनानि
चिन्वन्, रन्ध्रं विचिन्वन् रिपुजनपदजं, यापयास्मि स्म कालम् ।।७६।।

ह्लादिन्या वेत्रवत्या सह मिलति धुनी यत्र शूलोद्भवा ऽऽख्या,
तस्मिन् स्थाने वसन्तीं शतमखदयितां द्रष्टुकामः प्लवेन ।
गत्वा कुर्वे स्म पाठं जपमथ सधृतिर् भावयामि स्म भक्त्या
देवीं सल्ल्यानवासां शतमखदयितां भैरवीं च स्वचित्ते ॥७७॥

ह्लादिन्या = नद्या
धुनी = नदी
प्लवेन = उडुपेन
शतमखदयिताम् = इन्द्राणीम्

### जयन्तराना:

#### मूलपाठ :

माहामंण्डल भनेको नुहाकोटको सवता रहेछ. माहामंण्डलमा ग्यामि राना थीयो. तं हाम्रा भरको ग्यामि होस्. माहामंण्डल छोडिदे. मछेउ आईज भनी पठाजा र हुना ता मं हजुरैको हुं. तर जयप्रगास मल्लको नुन् षाईहाल्या. मरिमेटन्याछु" भनि हाक पारि पठायो र

#### संस्कृतच्छाया

नुवाकोटस्य प्रतिद्वन्द्वितां महामण्डलं बिभर्ति । महामण्डले जयन्तराना आसीत् । त्वम् अस्माकं पुरातनो जनोऽसि, महामण्डलं विहाय मम सकाशम् आगच्छेति दूतमुखेन तम् अकथयम् । राजन् भवत एव सेवको ऽहम् अस्मि, परम् इदानीं जयप्रकाशमल्लेन दत्तां वृत्तिं भुञ्जे, भर्तृपिण्डस्य हेतोर्, यथाशक्ति योत्स्य इति जयन्त आह्वयत ।

#### पद्यमयी व्याख्या

नद्याः शूलोद्भवाया वरुणककुभि मे पैतृकं राज्यमासीत्,
तस्या नद्याः समीपो मघवदिशि नुवाकोट आस्ते महीध्रः।
अत्र प्रांशुः समा भूर् अधिशिखरि महामण्डलाख्यां बिभर्ति,
पाश्चात्यं सोमदुर्गं धरणिपरिवृढैर् यत्र मल्लैर् व्यधायि ॥७८॥

वरुणककुभि = पश्चिमायाम्
मघवदिशि = पूर्वस्याम्
अधिशिखरि = पर्वते

तस्मिन् सीमान्तदुर्गे कृतवसतिरभूद् दुर्गपालस्वरूपस्
तस्मिन् काले जयन्तो मगरकुलजनिः ख्यातरानोपनामा ।
आस्माकीनो ऽसि दैवात् परनृपतिमगा नो महान् दोष एष
आगच्छ स्वीयदेशं समुचितभरणं मत्प्रसादाल् लभस्व ॥७९॥
सन्देशे ऽस्मिन् मदीये श्रुतिविषयगते दृप्तचेता जयन्तः
सन्देशं प्राहिणोत् स्वं नृपवर भवतः सेवको ऽस्मीति सत्यम् ।
युष्मत्पादाब्जसेवा सहधृति मयका ऽकारि यावद्मनीषं,
तस्यां ना ऽसीद् विवेको, निजगृहमजहां वृत्तिविच्छेदमाप्त्वा ॥८०॥
मल्ला ऽन्वयः कान्तिपुरा ऽवनीशो जयप्रकाशो मम वृत्तिदो ऽस्ति ।
तस्यैव हेतोः समरा ऽनले स्वं होतुं शरीरं नहि सङ्कुचामि ॥८१॥
एतच् श्रुत्वा जयन्तप्रतिवचनमहं चिन्तयामि स्म चित्ते,
वृत्तिच्छेदे स्वदेशे सति रिपुसविधं प्राप्य तस्यैव हेतोः।
स्वं देशं हन्तुकामा अपि धरणितले दुर्जनाः सम्भवन्ति,
ते दण्ड्याः क्रूरदण्डैस् तदनुकृतिपरा येन ना ऽन्ये भवेयुः॥८२॥

## दण्डयात्रामुहूर्तः

### मूलपाठः

येक दिन कचहरिमा बस्याको थिञां. तन्द्रा लागेछ र तन्द्रैमा ता ईन्द्रायनिका थानमा बस्याको रहेछं. आजका साता दिनमा ठुलो सायेत छ. तेसै दिनको सायतले नुहाकोट साध्ये हुन्याछ भन्याको सुन्या र पात्र हेरन जैसि भन्या र पात्रो हेऱ्या र आजका साता दिन बिहाउडो सनिश्चरवार ठुलो सायेत रहेछ भनि बिन्ति गऱ्या र

### संस्कृतच्छाया

कस्मिंश्चिद् दिवसे सभायाम् आसम् । तन्द्रा मां वशीचकार । तन्द्रायाम् अहम् इन्द्राण्या मन्दिरे ऽभवम् । अस्माद् दिवसाद् अष्टमे दिवसे शुभो मुहूर्तो भविता । तस्मिन् मुहूर्ते नुवाकोटदुर्गभङ्गो भवितेति ध्वनिर् मम कर्णयोर् अपतत् । दैवज्ञ पञ्चाङ्गपत्रं पश्येति मया निर्दिष्टो दैवज्ञः पञ्चाङ्गपत्रं विलोक्या ऽस्माद् दिवसाद् अष्टमे दिवसे सूर्योदये शनिवासरे समुदयमाने शुभो मुहूर्तो लब्ध इति मां व्यज्ञापयत् ।

## पद्यमयी व्याख्या

कस्मिंश्चिद् वासरे ऽहं परिषदि विविधं कार्यजातं विवृण्वन्-
नासं, चित्ते मदीये समरविषयकाः कल्पना जाग्रति स्म ।
तन्द्रा चक्रे तदा मां स्ववशमुपगतं, नेत्रयुग्मं मिमील,
प्रासादे शक्रपत्न्या विरचितवसतिं मां प्रमीला चकार ।।८३।।
भावी घस्रे ऽष्टमे ऽतः प्रचुरगुणयुतो दण्डयात्रामुहूर्तो,
यायी तस्मिन् मुहूर्ते वशयति न पुरा नो नुवाकोटदुर्गम् ।
इत्याकारे ध्वनौ मे श्रवसि निपतिते निर्गतायां च तन्द्रायां
दैवज्ञं दण्डयात्रोचितदिनगणने चोदयामि स्म सद्यः ।।८४।।

वशयति न पुरा न = निश्चयरूपेण जेता

वारे शुक्रा ऽभिधाने ऽपसरति दिवसे मन्दनाम्न्युज्जिहाने
व्योम्नि प्रक्षाल्यमाने ऽरुणकरनिकरैर् अष्टमे वासरे ऽतः।
लब्धो दोषैर् विहीनः प्रचुरगुणयुतो दण्डयात्रामुहूर्तो
राजन् युद्धे लभेथा विजयमिति वचो दैवविद् भाषते स्म ।।८५।।

मन्दनाम्नि = शनैश्चरनामके

## नुवाकोटदुर्गोपलम्भः

### मूलपाठ :

उहि साहेतमा महामण्डलमा उक्लेउ र तरवार पऱ्यो र हाम्रा नुनका सेषले झुकाईदिने पंथ बान्है वर्षमा मेरा भाई दलमर्दन् साहले जेठितरवार रानाको थापलामा हाल्यो र नुहाकोट साधे गरि बढाई गरेउ र

### संस्कृतच्छाया

तस्मिन्नेव मुहूर्ते महामण्डलम् आरोहाम । सङ्ग्रामो ऽभवत् । पन्थो भर्तृपिण्डस्य हेतोः शत्रून् अकम्पयत् । द्वादश-वर्षो मम ऽनुजो दलमर्दनशाहः सेनापतिग्राह्यं खड्गं रानाः शिरसि न्यपातयत् । नुवाकोटदुर्गोपलम्भो ऽभवत् । वबम् उत्सवम् अकुर्महि ।

पद्यमयी व्याख्या

काले मौहूर्तिकेन स्वगणितविधिना निश्चिते शस्त्रहस्ता
आरोहामः स्म धृत्या वयमुपरि महामण्डलं जेतुकामाः ।
रानाका दुर्गरक्षां रचयितुमभवन् सैनिकाः शस्त्रहस्ताः,
सङ्ग्रामं कीर्तिकामा गतभयमुभये सैनिकाः कुर्वते स्म ।।८६।।

राना ग्रामणीः प्रधानो मनुष्य एषां ते रानाकाः

दलमर्दननामकस् तदानीम् अनुजो मे भुजचन्द्र १२ वर्ष आसीत् ।
नहि वर्महरस् तदा स आसीद् निजकृत्या त्वभवत् स शौर्यचुञ्चुः ।।८७।।

वर्महरः = कवचधारणा ऽर्हवयस्कः
शौर्यचुञ्चुः = शूरतया प्रसिद्धः

भर्तुः पिण्डस्य हेतोः स्वतनुमपि रणे मन्यमानस् तृणाय
योद्धा मे पन्थवंश्यः सकलरिपुमनो ऽकम्पयद् विक्रमेण ।
मद्भ्राता द्वादशा ऽब्दो ऽपि स रणपटुतां दर्शयन्नग्रगामी
रानावंश्यं जयन्ता । ऽत्मजमकृत शिरोवर्जितं खड्गपाणिः ।।८८।।

सङ्ग्रामे मां जयश्रीर् अवृणुत च नुवाकोटदुर्गोपलम्भे
संपन्ने मामकानां जयमनुभवताम् उत्सवो ऽभूद् महीयान् ।
भूयो भूयो ऽपि कान्तिक्षितिपतिरकरोद् दुर्गमेतत् स्वकीयं
कर्तुं यत्नं महान्तं, व्यदधत सुभटा मे तु तं भग्नकामम् ।।८९।।

## ककन्यां शिवपुर्यां च गुल्मौ

मूलपाठः

ककनि र सिवपुरिमा ठाना हालि मुर्चा लाइ राषयेउ.

संस्कृतच्छाया

ककनीनामके शिवपुरीनामके च गिरिशिरसि गुल्मौ विरचय्य नेपालद्रोणीम् अरुन्धि ।

पद्यमयी व्याख्या

षाड्गुण्यं सेवमानः शतमखककुभं मन्दमन्दं स्म यामि,
गुल्मद्वन्द्वं मया स्वं ककनि–शिवपुरीशृङ्गयुग्मे व्यधायि ।
नेपालद्रोणिदेशं वृतमिव शनकैर् गौल्मिका मे व्यतन्वन्,
भूपाला मल्लवंश्याः प्रतिदिनमभवन् क्षीयमाणप्रतापाः ।।९०।।

शतमुखककुभम् = प्राचीम्

## परशुरामथापाः

### मूलपाठः

मलाई प्रसुराम थापाले नेपाल हात्र आउ भनि हात दिई राष्याथ्यो. आफ्ना भाईलाई लावबिसि पुन्याउनु. बाईसि चौबिसि उठाई पछडी हान्नु भनि पठायछ र मैले थाहा पाञा र काहा पुक्याको छ भनि सुध्याञा र पोषराको हटियामा डेरा गरि बस्याको छ भनि सुन्या र तेसलाई बैठाई आउन को सकौला भनि सल्लाहा गर्दा कसैले पनि ठहराउन सकेन र मैले भन्या. फागल गुरुं सक्ला भनि डाकी अन्हाई मेरा कंमरको कोताषान् दियां र गयो र पुगि गाईनेको भेष गरि हातमा बल्छीको टागो लि काषिमा सारंगी च्यापि २.४ धार्निको सहर लंगी अरू उस्का लस्करहरू भात षान्या बषत्मा अवसर हेरि बैठाई आयो र

### संस्कृतच्छाया

थापावंश्यः परशुरामो नेपालद्रोणीम् अभिषेणयितुं माम् उदसाहयत् । कर्णालीजलसिक्तां गण्डकीजलसिक्तां च भूमिं शासतः पाश्चात्यान् भूपालान् अर्थसाहाय्येन स्वा ऽनुकूलिकान् कृत्वा तान् मम पार्ष्णिं ग्रहीतुम् उत्साहयितुं परशुरामः स्वा ऽनुजं गूढं प्रेषयामास । एतद् अहम् अशृणवम् । परशुरामस्या ऽनुजः कुत्र प्राप्त इति जिज्ञासमानो ऽहं पोखराप्रदेशे विपणौ स इदानीं वसतीत्यशृणवम् । तं निहत्य प्रत्यागन्तुं कः शक्नुयाद् इति मन्त्रे कृते को ऽपि निर्णेतुं समर्थो ना ऽभवत् । गुरुङवंश्यो फागल एतत् कर्तुं शक्नुयाद् इति तम् आहूय तस्मिन् कार्ये न्ययुङ्क्ष्ज । सशस्त्रं निजकटिबन्धं तस्मा अददाम्। सो-ऽगच्छत् । गायनवेषं दधानः करेण बडिशं गृह्णन् कक्षेण कराडोलवीणां दधानो फागलः परशुरामा ऽनुजस्य समीपं प्राप्य तस्मै स्थूलं मत्स्यम् उपनिन्ये । परशुरामा ऽनुजस्य जनेषु भक्तं भुञ्जानेषु लब्धा ऽवसरो फागलः तं व्यापाद्या ऽगच्छत् ।

पद्यमयी व्याख्या

थापा ऽऽह्वः पर्शुरामो नयसमरपटुर् मल्लमौलेषु कश्चिद्
माम् एत्या ऽब्रूत राजन् व्रजतु सफलतां तावकीना जिगीषा ।

नेपालद्रोणिसंस्था त्रिपुरविलसिता त्वां वृणीतां नृपश्रीस्
त्वत्सेवां कर्तुमद्धा विधृतपरिकरं सेवकं माम् अवेहि ॥९१॥
इत्युक्त्वा मामकीनान् कतिचन कठिनान् राजनीतिप्रयोगान्
कुर्वन् सिद्धान् स थापाः प्रकटितविनयो मां व्यधाद् मुग्धचित्तम् ।
कर्णालीगण्डकीभ्याम् उपहृतसलिलाञ् शासतो भूमिभागान्
पाश्चात्त्यान् भूमिपालान् द्रविणवितरणैर् आत्मपक्षे विधाय ॥९२॥
तत्संयुक्तध्वजिन्या रहसि घटितया गोरखां पार्ष्णिभागाद्
हन्तुं मन्त्रं च कोषं धरणिपरिवृढात् स्वाऽधिपात् प्राप्य मल्लात् ।
थापाधूर्तो ऽनुजातं निजमपरदिशं प्रेषयामास गूढं,
थापाः प्रत्यक्षमेत्य प्रतिदिनमकरोद् मे हितं प्रीणनं च ॥९३॥

अपरदिशम् = पश्चिमाम्
प्रत्यक्षमेत्य = समीपम् आगत्य

पर्शुरामचरितं शनैः शनैर् वीक्षितं प्रणिधिचक्षुषा मया ।
प्रस्थितस् तदनुजो ऽस्ति साम्प्रतं पोखरास्थविपणाविति श्रुतम् ॥९४॥
धूर्तस् थापा ऽनुजन्मा सपदि यमपुरीं प्रापणीयो ऽन्यथा ऽस्मद्-
हानिं कुर्याद् महिष्ठाम् अयमिति हृदये निर्णयो मे ऽजनिष्ट ।
नीत्वा थापा ऽनुजातं पितृपतिसदनं को जनो मामकीनः
प्रत्यागच्छेत् स्वकीयं सदनमिति जनान् स्वान् अहं पर्यपृच्छम् ।९५॥
श्रुत्वा वाचं मदीयां हृदयगतकथाः पारिषद्याः समस्ता
अन्योन्यं दृष्टवक्त्राः प्रतिवचनविधौ नो समर्था अभूवन् ।
साकं व्याघ्रेण योद्धुं द्विपपतिमुरगं वा प्रसह्य ग्रहीतुं
केचित् तीक्ष्णा मनुष्या धननिचयकृते जातु नो सङ्कुचन्ति ॥९६॥
आस्ते तीक्ष्णस्वभावो गुरुङकुलजनिर् क्यागलो ऽत्र प्रसिद्ध
एतत् कार्यं स कुर्याद् इति मम हृदये ऽभूद् विचारः प्ररूढः।

आहूयैनं विविक्ते गुरुङमचकथं सा ।ऽदरं साधनीयं,
मद्वाक्ये कर्णमाप्ते विकसितवदनो ऽभूत् स उत्साहशाली ॥९७॥
स्थेयान् उत्साह आस्तां मनसि दृढतरे क्रागलस्येति तस्मै
दत्त्वा बन्धं सशस्त्रं निजकटिविधृतं सा ।ऽदरं तं व्यसृक्षि ।
कक्षे कण्डोलवीणां दधदभिनयविद् गायना ।ऽकल्पशाली
स्थूलं मत्स्यं स गृह्णन् करधृतबडिशः प्राप थापा ऽ।नुजातम् ॥९८॥

आकल्पः = वेषः

थापाभ्राता कनीयाञ् श्रुतिमधुररवं गीतमाकर्ण्य मुग्धो
लब्ध्वा मत्स्योपहारं सविधवसतितां स्वां ददौ गायनाय ।
कुर्वन् सेवां यथा ऽऽज्ञं विदधदभिनयं श्रोत्ररम्यं च गीतं
गायन् थापा ऽ।नुजातं गुरुङकुलजनी रञ्जयामास सम्यक् ॥९९॥
आसीत् थापा ऽ।नुजाताद् अपि चतुरतरो क्रागलो धूर्ततायां,
थापावर्ग्येषु सर्वेष्वपि नियतिवशाद् भोजनव्यापृतेषु ।
लब्ध्वा थापा ऽ।नुजन्मा रहसि यमपुरं क्रागलेन प्रजिघ्ये
धृत्वा नेपथ्यमन्यद् विकसितवदनो क्रागलो माम् उपागात् ॥१००॥

प्रजिघ्ये = प्रेषितः

## पूर्णिमा ४७ अङ्कको शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| २७ | ५ | हैमिवतीको | हैमवतीको |
| २८ | १ | स्मेरास्यश् | स्मेरा ।ऽस्यश् |
| ३० | १० | °धीशाम्याम् | °धीशाभ्याम् |
| ३१ | ७ | °दुर्गोलम्भः | °दुर्गोपलम्भः |
| ३३ | ९ | हुन्, | हुन्. |
| ३४ | ८ | देशाचारानुरोधाद् | देशा।ऽचाराऽनुरोधाद् |
| ३५ | २३ | °शङ्काकुल° | °शङ्का ऽऽकुल° |
| ३६ | १७ | °भक्त्या ऽर्चसि | °भक्त्या ऽ।र्चसि |
| ३७ पृष्ठको शुरूमा द्रुतगतिः शीर्षक छुटेको छ । | | | |
| ३७ | १४ | माहां | माहां- |
| ३७ | २२ | युद्धाया ऽह्नय | युद्धाया ।ऽह्नय |
| ३९ | १२ | ग्रामं, | ग्रामं. |

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ३९ | १७ | सिघ | सिंघ |
| ४० | ५ | स्वाभी ऽष्टं | स्वा ऽभीष्टं |
| ४० | १० | °सेनाभिध° | °सेनाऽभिध° |
| ४० | ११ | कृतावस्थिति | कृताऽवस्थिति |
| ४१ | २४ | प्रकार | प्राकारः |
| ४१ | २५ | स्वैष् | स्वैस् |
| ४२ | १ | गोरखा | गोरखाः |
| ४२ | २ | लम्जुङ्स्य | लम्जुङस्य |
| ४२ | ९ | शास्त्रभ्यासे | शस्त्रा ऽभ्यासे |
| ४२ | १२ | शस्त्राजीवाः | शस्त्रा ।ऽजीवाः |
| ४२ | १२ | खसाख्या | खसा ।ऽख्या |
| ४२ | २७ | बहुधा ऽभ्यच् | बहुधा ऽ।भ्यच् |

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको विषयमा नयाँ प्रकाश

## (आत्मसंशोधन)

– दिनेशराज पन्त

दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको विषयमा वि. सं. २०२२–२०२३ मा पूर्णिमा ७ अङ्कदेखि ११ अङ्कसम्म क्रमपूर्वक मैले लेखेको थिएँ । त्यस वेला मैले आफूले पाएसम्मका सामग्रीको उपयोग गरी सो लेख लेखेको थिएँ ।

राजकुमार बहादुर शाहको हातमा शासनाधिकार आएको वेलामा लक्ष्मीपति पाँडेको उन्नति भयो र बहादुर शाहको पतन भएपछि लक्ष्मीपति पनि क्रमशः शक्तिविहीन हुँदै गए । बहादुर शाहको मृत्यु भएपछि लक्ष्मीपतिको स्थिति अझ बिग्रँदै गयो र वि. सं. १८५५ कार्तिक २३ गते उनी काशीतिर हिँडे । वि. सं. १८५७ ज्येष्ठ ८ गते स्वामीमहाराज रणबहादुर शाह काशीतिर लागेपछि बहादुर शाहका भक्त भारादारहरूको हातमा शासन आयो । त्यसको चार महीना जतिपछि वि. सं. १८५७ कार्तिक ११ गते लक्ष्मीपतिलाई बोलाहटको श्री ५ गीर्वाणयुद्ध-विक्रम शाहको लालमोहर गयो । सो लालमोहर पाएपछि वि. सं. १८५७ माघ १९ गते उनी नेपाल आए ।[1]

यिनै कुराहरूलाई लिएर पूर्णिमा १० अङ्कमा मैले यस्तो लेखेको थिएँ--

बोलाहटको लालमोहर पुगेपछि लक्ष्मीपति वि. सं. १८५७ माघ १९ गते नेपाल आए ।

काशीबाट काठमाडौँ फर्केपछि पनि लक्ष्मीपतिको राजकाजसँग विशेष संबन्ध रहेको देखिँदैन । यसरी अब उनको जीवन ज्योतिषी वृत्तिमै सीमित रहन लाग्यो ।

(पूर्णिमा १० अङ्कको ५२ पृ.)

धादिङको मालकार्यालयमा वि. सं. २०३७ मार्ग २१ गते नकल भेटिएका तथा खरीमा वि. सं. २०३७ माघ १३ गते सकल भेटिएका दुइ पत्रले माथिको कुराको विपरीत भाव देखाएकाले ती पत्र तल दिइन्छन्–

---

१. पूर्णिमा १० अङ्कका ४६–५२ पृ.

(१)

श्रीदुर्गाज्यू

पत्र सही गरीदिन्

| श्रीश्री लक्ष्मी पति |
|---|

(१) स्वस्ति श्रीदैवज्ञशिरोमणिलक्ष्मीपतिपाँडेकस्य
(२) पत्रम्
(३) आगे माधव उपाध्या पोषऱ्याल्के षरीको पुरोहि-
(४) ती अघिदेषि तिमीले गरिआयाको आज हामीले
(५) पनी थामी बहाल गरीदिञ्. कोटको उप्रेत्याई ले-
(६) ष्नु पर्न्हु परापूर्वको लाग्याको रितिथिती भर गर्नु.
(७) तस्को मानुचावल षेत अलैच्या मुरी २० थामीदिञुँ.
(८) आप्ना षातिज्मासंग भोग्य गर. पुरोहिताइमा लेष-
(९) पऱ्हमा रुजु रहु२. इति संवत् १८६० श्रावणशुदि ८ रो ३३ शुभं

२. यहाँ लक्ष्मीपतिले "लेषपऱ्हमा रुजु रहु" भनी लेखेका छन् । यताबाट उनको मनमा रहेको लेखपढप्रतिको प्रेम देखिन्छ । यस्तै कुरा अन्यत्र पनि लक्ष्मीपतिले लेखेका छन् ।

लक्ष्मीपतिले वि. सं. १८४४ वैशाख ११ गते आफ्ना बाबु कृष्णानन्द पाँडेलाई लेखेको पत्रमा आफ्ना भाइ गौरीपति पाँडेलाई सम्बोधन गरी "गौरीपति आलस्य नगरस्. रातोदिन् अध्ययनै गरस्" भनी लेखेका छन् (पूर्णिमा ६ अङ्कको ३६ पृ.) ।

लक्ष्मीपतिले आफ्नो सङ्ग्रहको एउटा पुस्तकमा

सौरभाग्यमिदं श्रीमल्लक्ष्मीपतिद्विजन्मनः।
ज्ञेयं यो मत्कुले विद्वान् तस्यैवान्यस्य का कथा ।।

[ब्राह्मण लक्ष्मीपतिको यो सौरभाग्य हो । मेरो कुलमा जो विद्वान् हुन्छ, उसैले यो पुस्तक पाउँछ, अरूले पाउँदैनन् ।]

भनी लेखेका छन् ।

३. यस दिनको गणना यस प्रकारको छ —

वि. सं. १८६० श्रावणशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| श्रावण | १३ | मङ्गल | सप्तमी | १२ । | १० |

यताबाट यो पत्र सप्तमी १२ घडी १० पलाउप्रान्त अष्टमी मङ्गलवारमा लेखिएको देखिन्छ ।

(२)

श्रीः

(१) स्वस्ति श्रीमद्राजकुमारकुमारात्मजश्रीकम्याण्डरइनचीफज(न)-
(२) रलकृष्णबहादूरकुवरराणाजीकस्य पत्रम्
(३) आगे षरिका जिम्माल छविलाल भट्ट हस्तदल अधिकारिके य-
(४) थोचित्. उप्रांत निज अम्बलमध्ये कोटका प्रोहित्याइ मेरा माना-
(५) चावल्मा रह्याको अलैच्या भंन्या षेत मुरि ।२० अघी परापूर्वदे-
(६) षी १९११ सालका बालीसम्म मैले कमाइ चर्चि आयाको सर्व-
(७) जाचले पनी मेरा नाउंमा चढाइ जिम्मावाललाइ कवच् दिया-
(८) को छ. रैबंदीका रीतले पनी मलाइ षाम्न्यै हो. १२ सालका बा-
(९) लीलाइ निज जिम्मावालले रोपनी षोसिदीया भनि जगन्नाथ पो-
(११) षऱ्याल् जाहां कराउन आया. तसर्थ अघिदेषी ११ सालसम्म इ-
(११) नैले कमाइ चर्चि आयाको र जाचका कवच्मा पनी इनैको नाउ
(१२) दरियाको सांचो हो भन्या बाऱ्ह सालका बालीदेषी पनी इन्को रो-
(१३) पनी षोसनु हुंदैन. थामीदेउ. बेहोरा अर्कै छ भन्या दुवै थर जोरी
(१४) जाहां आउ र निरोपन् भै जाउला. इति सम्वत् १९१२ साल मीति
(१५) आश्विनशुदि १५ रोज ५[४] शुभम्

( यी दुइ पत्रका नकल प. १ नं. धा. इ. खरी बाहुनडांडा बस्ने कीर्तिदत्त उपाध्याय पोखरेलले वि. सं. २००९ वैशाख २३ गते पेश गरेका हुन् । खरीमा कीर्तिदत्त उपाध्याय पोखरेलको सङ्ग्रहमा रहेका सकल पत्र हेरिएकाले सकलको आधारमा माथिको पाठ दिइएको छ । )

माथिका यी पत्रबाट वि. सं. १८५७ मा काठमाडौँ फर्केपछि लक्ष्मीपति पूर्ववत् राजकाजसँग सम्बद्ध रहे र उनले गरेको कार्य पछि वि. सं. १९१२ तिर कम्याण्डरइनचीफ कृष्णबहादुर कुँवर राणा गर्थे भन्ने स्पष्ट देखिन्छ।

आफूले अघि बुझ्न नसकेको कुरा अहिले १४ वर्षपछि वि. सं. २०३७ मा आएर बुझ्न पाउँदा मलाई अत्यन्त प्रसन्नता लागेको छ।

४. यस दिनको गणना यस प्रकारको छ–

वि. सं. १९१२ आश्विनशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| कार्तिक | १० | बृहस्पति | पूर्णिमा | १६। | ४६ |

(पात्रोबाट)

(धादिङमालमा रहेका कागतपत्रहरू मैले हेर्दा सार्ने आदि काममा मदत गर्नुभएका श्रीऐश्वर्यधर शर्मा र धादिङ घुम्दा मदत गर्नुभएका श्रीमाधवभक्त श्रेष्ठ धन्यवादका पात्र हुनुहुन्छ । त्यसै गरी धादिङमालकार्यालयका अधिकारीहरूको सौजन्यले धादिङमालमा रहेका कागतपत्र हेर्न र खरीमा रहेका कागतपत्र हेर्दा जोबारी गाउँ-पञ्चायतका उपप्रधानपञ्च श्रीलक्ष्मीदास श्रेष्ठको सौजन्यले मलाई काम गर्न सजिलो भएथ्यो भन्ने कुरा पनि यस प्रसङ्गमा स्मरणीय छ । )

★

# वि. सं. १९१२ को नेपालभोटयुद्धसम्बन्धी पत्र

– रामजी तेवारी

श्रीबलरामदास मूलको सङ्ग्रहमा रहेको यस पत्रको नकल उहाँको सौजन्यबाट मैले लिन पाएको हुँ । यहाँ यो पत्र जस्ताको तस्तै उतारिएको छ । मूलमा पल्टनको नाउँ जहाँ आउँछ, त्यहाँ नलेखी त्यहाँ केही ठाउँ छोडी अङ्क दिई सोही अङ्क साथ गरी सो नाम शिरमा लेखिएको छ । तर माथिल्लो भाग च्यातिएकोले पल्टनको नाम देखिँदैन ।

स्वस्ति श्रीसर्वोपमायोग्यत्यादिसकलगुणगरिष्ट राजभारासामर्थ श्रीसुबा मान्सरोवर्सिकैषु श्रीसुबा ईश्वरीप्रसाद अर्ज्याल् श्रीमुषिया उत्तमनारान्को आसिर्वाद सेवा उभयो कुसलं च. ताहाको कुसल चाहिये. आगे ञाहाको समाचार भलो छ.

उप्रान्त मेजर कपटान् इन्द्रसिं षतृले- -१- - पल्टन्का रेट् टुईन् ली गुंथान् आइ बस्याका छन्. बाऱ्हबिस्याको लेषमा भोटयाहरू आयाछन् भनी सोहरा सुनी सुबा ईश्वरीप्रसाद अर्ज्याल्ले जाचनु जांछु भनी गयो. ञाहा फगट् म यक जना मात्रै छौ. बाकी रसदका बोरा चलान्का अर्थलाई ञारा ली पायासम्मको चलान् गऱ्याका छौ. गुम्थान् गोदामको चावल् बडाबड् - -२ - - को सिपाहि ११ षर्दार रमाकान्त पाध्या'का नौसिदा १ हाम्रा नौसदा १ सुबा ईस्वरीप्रसादका मामा दिठा लछमापति पाध्यासमेत् जना १४ गै बोरा भर्न लाग्याका छन्. २।४ दिनमा भरिसक्याको बोरा जांहा लिस्तिमा राषनु भनी बंदोबस्त गऱ्याको छ. बोरा राषनलाई तहरा पनी बनाउनु लाग्या. गुम्थान्को मकै र जांहाको

१. मूलमा पाध्या छ ।

मकै बडाबड् पीन्न लागीरहेछन्. मेगजीन्का काममा पठायाका नौंसदा जना २ आहा आईपुग्यो. हर्षमान् भन्या चाइ षारेज पनी भयो. ईनका सट्टा ताहा रह्याका ३ मध्ये जुजुमनिलाई षटाईदिनुहोला. ताहा कोदारिमा पल्टन्लाई १० रोजा बाडियाको र कुटिमा बाडीयाको भरपाई आईपुग्याको छैन. भरपाई झिकाई पठाईदिनुभया जां हा वही मिलाउदा हु औ नेपालबाट रमाना भै आयाको पटक् २ का मोहरु ६०००० हजार-को भरपाई १ छाप लाग्याको भरपाई दुई ताहा पठायाको छ. तपाइको[२] र कपतान् रामुको छाप लाई सर्वथा चाडो गरि पठाईदिनुभया नेपाल पठाईदिना हुं. ताहाको हालसुरथ लेषदै गर्नुहोला. पत्रमा ज्यादा काहातक् लेषौं. बुझिक तपाई हुनुहुंछ.

मुकाम् लिस्ती गोदाम् ।

ईति सम्वत् १९१२ साल मिति वैशाषसुदी ६ रोज १[३] शुभ्म् — —

## पूर्णिमा ४८ अङ्कको शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध | पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|---|---|---|---|
| १ | ६ | ग-म्पो | गम्-पो | ३१ | २५ | समर्पयम् | समार्पयम् |
| ३ | ६ | उत्तरार्धिकारी° | उत्तराधिकारी° | ३२ | २० | °पूजान्तरात्मा | °पूताऽन्तरात्मा |
| ५ | १४ | अर्कों | अर्को | ३३ | १० | निंगिर | निगिर |
| ११ | २ | अनुष्ट्भ् | अनुष्टुभ् | ३३ | १६ | वाञ्छितार्थ° | वाञ्छिताऽर्थं° |
| २७ | १८ | लम्जुङे्श : | लम्जुङेश : | ३४ | १२ | बेद्यां | वेद्यां |
| ३० | ८ | °बध्वोर् | °वध्वोर् | ३५ | ६ | घुनी | धुनी |
| ३० | २४ | साछ्यात | साछ्यात् | ३५ | १७ | हेतोर्, | हेतोर |
| ३१ | १५ | मन्दिरस्यान्तः | मन्दिरस्याऽन्तः | ३७ | २२ | °वर्षो | °वर्षो |
| ३१ | १८ | सावगुण्ठं | साऽवगुण्ठं | | | | |

२. मूलमा तपाको छ ।

३. यस दिनको गणना यस प्रकारको छ–

वि. सं. १९१२ वैशाखशुक्ल

| | गते | बार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| वैशाख | ११ | आदित्य | षष्ठी | ३८ । | २४ |

( पात्रोबाट )

कार्यालय–

संशोधन–मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०३७ चैत्र

यस अङ्कको मूल्य रु. १०।–

मुद्रक–

चांमुन्द्रा प्रेस

यट्खाटोल, काठमाडौं, नेपाल